वार्षिक प्रतिवेदन


२०८१/८२




हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.

Hydroelectricity Investment and Development Company Ltd.

सेयर संरचना


नेपाल सरकार
सार्वजनिक संस्थागत लगानीकर्ता
अन्य संस्थापक शेयरधनीहरु
सर्वसाधारण शेयरधनी
२०.३२%
१३.६६%
५०.८०%
१५.२४%
५.०८%
५.०८%
५.०८%
१०.१६%
२०.३२%
१०.१६%
१०.१६%
कर्मचारी सञ्चय कोष
राष्ट्रिय बीमा संस्थान
नागरिक लगानी कोष
नेपाल सरकार, अर्थ मन्त्रालय
नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय


TIME LINE
2078/10/16: Lead Financier in consortiums.
2078/09/22: Scope Expansion to renewable energy.
2075/09/30: Renamed to Hydroelectricity Investment and Development Company Limited
2073/02/28: Listed in Nepal Stock Exchange (NEPSE)
2069/03/26: Approval for lending from Nepal Rastra Bank.
2068/04/02: Recognized as a "Financial Institution"
2068/03/27: Company established.

हार्दिक आभार

१४ औं वार्षिक साधारणसभा

श्री

नेपाल सरकार
अर्थ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार, अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

कर्मचारी सञ्चय कोष

राष्ट्रिय जीवन बीमा कम्पनी लि.

नागरिक लगानी कोष

अन्य संस्थापक शेयरधनीहरू

सर्वसाधारण शेयरधनीहरू

वि.सं. २०६८ साल असार २७ गते स्थापित हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड सञ्चालनको १४ वर्षको अवधिमा समस्त शेयरधनीहरूबाट प्राप्त भएको मार्गदर्शन, विश्वास, हौसला र साथको लागि हार्दिक आभार व्यक्त गर्दछौं ।

प्रजेश विक्रम थापा
प्रमुख कार्यकारी अधिकृत


चिरञ्जीवी चटौत
अध्यक्ष

एवम्


हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड परिवार

कम्पनीबाट स्वीकृत लगानीको विवरण

हालसम्म कुल लगानी प्रतिबद्धता



हालसम्म कुल लगानी प्रतिबद्धता



BOARD OF DIRECTORS



चिरञ्जीवी चटौत

अध्यक्ष



महेश आचार्य

सञ्चालक



दल वहादुर अधिकारी

सञ्चालक



महेश रिमाल

सञ्चालक



अनुज्ञा सापकोटा

सञ्चालक



सुधिर ज्ञवाली


सञ्चालक





माधव प्रसाद कोइराला

स्वतन्त्र सञ्चालक

आर्थिक वर्ष २०८१/८२ को वित्तीय झलक







SENIOR MANAGEMENT



प्रजेश विक्रम थापा
प्रमुख कार्यकारी अधिकृत



सम्झना छुस्याबाग
नायव प्रमुख कार्यकारी अधिकृत (जलविद्युत)



ऋषि राम पण्डित
नायव प्रमुख कार्यकारी अधिकृत (वित्त)



वासु देव भण्डारी
प्रमुख प्रवन्धक (इञ्जिनियरिङ्ग)




रमेश पनेरू
प्रमुख प्रवन्धक (वित्त)/कम्पनी सचिव




रुपेश भण्डारी
प्रमुख प्रवन्धक (प्रशासन)

आर्थिक वर्ष २०८१/८२ को वित्तीय झलक


लाभांश वितरण



चुक्ता शेयर संख्या



नेपाल सरकारलाई भुक्तानी (लाभांश + आयकर)



विषय सूची

क्र.सं.	शीर्षक	पेज नं.
१	चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना	१
२	वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी	२
३	प्रोक्सी फाराम	३
४	चौधौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन	५
५	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूचि-१५ बमोजिमको आर्थिक वर्ष २०८१/८२ को वार्षिक विवरण	२१
६	संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन - २०८१/८२	२३
७	आर्थिक वर्ष २०८१/८२ वार्षिक वित्तीय विवरण	३३
८	प्रबन्धपत्र तथा नियमावली संशोधनको तीनमहले	७८
९	रणनीतिक व्यावसायिक योजनाको संक्षिप्त सारांश	८७



हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाडौं, नेपाल

चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२८ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०८/२६ गते बसेको सञ्चालक समितिको ३३२औं बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः

मितिः २०८२ साल पौष २१ गते, सोमबार (०५ जनवरी २०२६)

समयः विहान १०:०० बजेदेखि ।

स्थानः कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौ

छलफलका विषयहरूः

(क) साधारण प्रस्तावः

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरूलाई चुक्ता पूँजीको २% (अक्षरुपीः दुई प्रतिशत) का दरले हुने नगद लाभांश र वोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरेपी उनन्पचास करोड एघार लाख छयानब्बे हजार दुई सय अठछ्ठी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने । *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ ।)*

५) सर्वसाधारण शेयरधनीहरूमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावः

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरूलाई चुक्ता पूँजीको १.५% (अक्षरुपीः एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरुपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने । *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित वोनस शेयर नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ ।)*

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी:

१. यस कम्पनीको चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि **मिति २०८२/०९/०८ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ ।** शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०८२/०९/०७ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ३ (तीन) कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र चौधौं वार्षिक साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिने छन् ।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरूको सुविधाको लागि **हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।**

३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. **सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट कम्पनीको सूचना पाटीमा पछि प्रकाशित गरिनेछ ।** यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा पनि हेर्न सकिनेछ । निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा रहनेछ ।

५. शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनीको बिस्तृत आर्थिक बिवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न वा कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट लिन सकिनेछ । उक्त प्रतिवेदन सभा हुने समयमा सभास्थलमा समेत उपलब्ध हुनेछ ।

६. सभामा भाग लिन वा मतदान गर्न **प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०९/१९ गते बिहान १०:०० बजे भित्र यस कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ ।** सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के प्रतिनिधि मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई सकेसम्म झोला तथा अन्य वस्तुहरू नलिई आउनुहुन अनुरोध गरिन्छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

१०. अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ ।

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
नयाँ वानेश्वर, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-४५९५०१६/१७/१८
इमेलः info@hidcl.org.np, वेबसाइटः www.hidcl.org.np

कम्पनी ऐन, २०६३ को दफा ७१ सँग सम्बन्धित

(प्रोक्सी फारम)

मितिः.....

श्री हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
नयाँ बानेश्वर, काठमाडौं।

विषय : प्रतिनिधि नियुक्त गरिएको बारे।

महाशय,

.....जिल्ला.....न.पा./गा.पा. वडा नं.....बस्ने म/हामी..... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले संवत् २०८२ साल पौष महिना २१ गते (तदानुशार ५ जनवरी २०२६) का दिन हुने चौधौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि.....जिल्ला.....न.पा./गा.पा. वडा नं..... बस्ने ..... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको–	निवेदक–
नामः	शेयरधनी नं र DEMAT No.:
ठेगानाः	दस्तखतः
इमेलः	नामः
शेयरधनी नं र DEMAT No.:	ठेगानाः
हस्ताक्षर नमुनाः	शेयर संख्याः
परिचय पत्र नंः	मितिः
मितिः	

(निवेदक शेयरधनीले कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि, नक्साल, काठमाण्डौबाट आफ्नो दस्तखत प्रमाणित गरी यो फारम पेश गर्नुपर्नेछ।)

साधारण सभामा स्वयं आफैं सहभागी हुन नसक्ने शेयरधनीहरुले यस कम्पनीको केन्द्रिय कार्यालय नयाँ वानेश्वर, काठमाण्डौ वा टेलिफोन नं. ०१-४५९५०१६/१७/१८ मा सम्पर्क गरी चौधौं वार्षिक साधारण सभाको लागि तयार पारिएको प्रोक्सी फारम भरी संवत् २०८२ साल पौष महिना १९ गते (तदनुशार ३ जनवरी २०२६) बिहान १०:०० बजे सम्म यस कम्पनीको केन्द्रिय कार्यालय नयाँ वानेश्वर, काठमाण्डौमा वुझाउन हुन सुचित गरिन्छ।

प्रवेश पत्र

श्री हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको तेह्रौ वार्षिक साधारण सभामा उपस्थितिको लागि जारी गरिएको प्रवेश पत्र

प्रतिनिधि (प्रोक्सी) को नाम : **दस्तखत :**

प्रतिनिधि नियुक्त गर्ने शेयरधनीको नाम : शेयरधनी नं र DEMAT No.:

द्रष्टव्यः

१) शेयरधनी आफैले खाली कोष्ठहरु भर्नु होला।

२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ।

३) शेयरधनी स्वयं उपस्थित भएमा प्रोक्सीद्वारा नियुक्त प्रतिनिधि स्वतः रद्द हुनेछ।

४) प्रोक्सी दिँदा कम्पनीको शेयरधनीलाई मात्र दिन पाइनेछ।

.....
कम्पनी सचिव

नोट : यो निवेदन साधारण सभा शुरु हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय नयाँ बानेश्वरमा पेश गरी सक्नु पर्नेछ।


GENERATOR-1
GENERATOR-2

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाडौं, नेपाल

चौधौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणा स्वीकार गरी उपस्थित हुनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनीको सञ्चालक समिति एवं कम्पनी परिवारको तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।

तपाई सम्पूर्ण शेयरधनी महानुभावहरूको निरन्तरको साथ, सहयोग एवं विश्वास, नेपाल सरकारको सहयोग र सद्भाव, नियमनकारी निकायहरूबाट प्राप्त मार्गदर्शन, कम्पनीका कर्मचारीहरूको मेहनतले गर्दा नै आजको दिनसम्म आईपुग्दा कम्पनीले वासलातमा बढोत्तरी गर्नेगरी संस्थागत र व्यवसायिक आधार स्तम्भ तयार गर्न सफल भएको छ । यस प्रस्थान विन्दुबाट कम्पनीले तय गरेको रणनीतिक एवं व्यवसायिक लक्ष्यहरू आशातित ढङ्गले प्राप्त गर्ने हामीले विश्वास लिएका छु भने यस यात्रामा यहाँहरूको निरन्तर सद्भाव र सहयोग रहिरहने आशा गरेका छु ।

यस अवसरमा कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिम तयार गरिएको कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०८२ साल आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सभाको स्वीकृतिका लागि प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन पश्चात यहाँहरूबाट कम्पनीले पाउने रचनात्मक सुझाव, प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग र सद्भावले कम्पनीको भावी कार्ययोजना निर्माण तथा लक्ष्य प्राप्तिमा थप मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

शेयरधनी महानुभावहरु,

(क) बिगत बर्षको कारोवारको सिंहावलोकन

मुलुकमा तत्कालीन विद्युत आपूर्तिको समस्या समाधान गर्न जलविद्युत आयोजनाको कार्यान्वयन, निर्माण एवं सञ्चालनका लागि पूँजीको उपलब्धता र परिचालन सरल, सहज तथा प्रभावकारी रुपमा गरी लगानी व्यवस्थापन गर्नका लागि नेपाल सरकारको अग्रसरतामा नयाँ राष्ट्रिय लक्ष्य सहित स्थापना भएको यस कम्पनीले मुलुकको ऊर्जा विकासमा टेवा पुऱ्याउन राष्ट्रिय प्राथमिकतामा रहेको जलविद्युत तथा अन्य नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी गर्ने नेतृत्वदायी भूमिकालाई निरन्तरता दिँदै आएको कुरा सगौरव प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८१/८२ मा विद्यमान प्रणालीगत अधिक तरलता तथा कर्जा मागमा आएको संकुचनका कारण वित्तीय प्रणालीमा समग्र कारोबार विस्तार अपेक्षित गतिमा अघि बढ्न सकेन। यस अवस्थाले विशेषतः जलविद्युत तथा नविकरणीय उर्जा सम्बन्धी आयोजना वा संगठित संस्थामा हुने लगानीमा तुलनात्मक रूपमा बढी प्रभाव पारेको देखिन्छ । बजारमा कायम अधिक तरलताका कारण निक्षेप तथा कर्जाको ब्याजदर विगतको लामो अवधिपछि न्यूनतम तहमा झरेको भए तापनि, कर्जा विस्तार अपेक्षित रूपमा हुन नसक्दा समग्र वित्तीय प्रणालीका संस्थाहरूका लागि व्यवसायिक योजना तथा पूर्वानुमानको सन्तुलन कायम गर्नु चुनौतीपूर्ण रह्यो । यस प्रकारको प्रतिकूल वित्तीय परिवेशका बीच पनि कम्पनीले लगानीको प्राथमिकता निर्धारण, जोखिम प्रतिफलको सन्तुलन र दीर्घकालीन मूल्य सिर्जनालाई केन्द्रमा राखी कहाँ, कहिले

र कति लगानी उपयुक्त हुन्छ भन्ने विषयमा निरन्तर विश्लेषण र छलफल गर्दै आएको छ । सम्भव भएसम्मका उपयुक्त अवसरहरूमा विवेकशील सहभागिता जनाउने इमानदार प्रयास गरिएको भए तापनि, समीक्षा अवधिमा पहिचान भएका लगानी अवसरहरू अपेक्षित स्तरसम्म पर्याप्त हुन सकेनन् भन्ने यथार्थलाई कम्पनीले स्वीकार गरेको छ ।

यद्यपि, जलविद्युत तथा नविकरणीय उर्जा सम्बन्धी आयोजना वा संगठित संस्थामा गरिने लगानीबाट प्राप्त हुने प्रतिफल स्वभावतः दीर्घकालीन हुने भएकाले कम्पनीले धैर्य, निरन्तरता र दीर्घकालीन रणनीतिक दृष्टिकोण अवलम्बन गर्दै आफ्नो व्यवसायिक दिशा तय गरिरहेको छ । यस सन्दर्भमा, तत्काल अवधिमा प्रतिफल तुलनात्मक रूपमा सीमित देखिए तापनि, मध्य तथा दीर्घकालमा स्थिर, दिगो र सन्तुलित प्रतिफल सुनिश्चित हुने भन्ने विश्वास सञ्चालक समितिको तर्फबाट यहाँहरूसमक्ष व्यक्त गर्दछौं । अब म यहाँहरू समक्ष आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले सम्पन्न गरेका प्रमुख गतिविधि तथा वित्तीय कारोबारहरूको संक्षिप्त सिंहावलोकन पेश गर्ने अनुमति चाहन्छु ।

पुँजी संरचना

कम्पनीको पुँजी संरचना दीर्घकालीन स्थायित्व, जोखिम वहन क्षमता तथा लगानी विस्तारको आधार हो भन्ने मान्यतालाई केन्द्रमा राखी समीक्षा अवधिमा कम्पनीले आफ्नो पूँजी आधारलाई सुदृढ र सन्तुलित बनाउँदै आएको छ । कम्पनीको शेयर संरचनामा ७९.६८ प्रतिशत संस्थापक शेयरधनी तथा २०.३२ प्रतिशत सर्वसाधारण शेयरधनी रहने व्यवस्था रहेको छ । कम्पनीको अधिकृत पूँजी ५० अर्ब रुपैयाँ, जारी तथा चुक्ता पूँजी रु. २४,५५,९८,१३,४००।- रहेको छ । आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा कम्पनीको पूँजी रु. २४,५५,९८,१३,४००।- कायम भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ७.३७ प्रतिशतले वृद्धि भएको हो । यो वृद्धि मुख्यतया विगतमा जारी गरिएको हकप्रद शेयरमध्ये बाँकी रहेका शेयरहरूको लिलाम प्रक्रिया सम्पन्न भई पूर्ण रूपमा बिक्री भएको कारणले सम्भव भएको हो । यसबाट कम्पनीको पूँजी संरचनामा रहेको अनिश्चितता हट्दै पूँजी आधार थप मजबुत भएको छ । समीक्षा अवधिमा कम्पनीको सञ्चित मुनाफा तथा जगेडा रु. ३४६.९३ करोड पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ३.१९ प्रतिशतले वृद्धि भएको हो ।

कूल सम्पत्ति

समिक्षा अवधिमा कम्पनीको कूल सम्पत्ति अघिल्लो आर्थिक वर्षको तुलनामा ७.३२ प्रतिशतले वृद्धि भई रु. २८ अर्ब ५३ करोड ३८ लाख पुगेको छ । लिलाम बढाबढ प्रक्रियामार्फत अवितरित हकप्रद शेयरबापतको रकम सङ्कलन भई बैङ्क मौज्दातमा वृद्धि भएको कारण कूल सम्पत्तिमा वृद्धि भएको हो ।

लगानी

कम्पनीको लगानी नीति राष्ट्रिय ऊर्जा सुरक्षा सुदृढीकरण, दिगो पूर्वाधार विकास तथा दीर्घकालीन प्रतिफल सिर्जना गर्ने उद्देश्यमा केन्द्रित रही सञ्चालन हुँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा पनि कम्पनीले आफ्नो प्रबन्धपत्र बमोजिम जलविद्युत् तथा नवीकरणीय ऊर्जा क्षेत्रमा ऋण तथा स्व/पूँजी (शेयर) लगानीलाई प्राथमिकता दिँदै विवेकशील, जोखिम सचेत र चरणबद्ध लगानी रणनीति अवलम्बन गरेको छ । समीक्षा अवधिको अन्त्यमा कम्पनीले जलविद्युत् तथा नवीकरणीय ऊर्जा क्षेत्रका आयोजना वा संगठित संस्थाहरूमा गरिएको शेयर लगानी अघिल्लो आर्थिक वर्षको तुलनामा २.६७ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब २३ करोड ४३ लाख पुगेको छ ।

त्यस्तै, विगतमा ऋण प्रवाह गरिएका धेरैजसो जलविद्युत आयोजनाहरू निर्माण सम्पन्न भई व्यापारिक उत्पादनमा प्रवेश गरिसकेका छन् । परिणामस्वरूप, ती आयोजनाहरूबाट ऋणको साँवा रकम क्रमशः चुक्ता हुँदै गएको छ । साथै, ऋण स्वीकृत भएका नयाँ आयोजनाहरूको ठूलो हिस्सा निर्माणपूर्व तथा प्रारम्भिक चरणमा सीमित रहेकाले समीक्षा अवधिमा नयाँ ऋण प्रवाह अपेक्षाकृत कम रहन गएको छ । यस कारण आयोजनाहरूमा प्रवाहित कुल ऋण रकम अघिल्लो वर्षको तुलनामा १ प्रतिशतले कमी भई रु. ७ अर्ब ३५ करोड ९३ लाख कायम भएको छ ।

बैंक मौज्दात

समीक्षा अवधिको अन्त्यमा कम्पनीको मुद्दती निक्षेपमा गरिएको लगानी रु. १४ अर्ब ८५ करोड ३७ लाख पुगेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ७.७५ प्रतिशतले वृद्धि भएको हो। यो वृद्धि मुख्यतया आयोजना/आधारित ऋण तथा शेयर लगानी चरणगत रूपमा प्रवाह हुने र समीक्षा अवधिमा नयाँ ऋण प्रवाह अपेक्षाकृत रुपमा सीमित रहेका कारण कम्पनीमा उपलब्ध अस्थायी तरलताको सुरक्षित व्यवस्थापन गर्न गरिएको हो। यसैगरी, कम्पनीको नगद तथा बैंक मौज्दात रु. १ अर्ब ९७ करोड ७८ लाख पुगेको छ।

आम्दानी

समीक्षा अवधिमा कम्पनीको कुल आम्दानी रु. १ अर्ब ४६ करोड ३१ लाख कायम भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ३२.६ प्रतिशतले कम हो। आम्दानीमा आएको यो गिरावट मुख्यतया मुद्दती निक्षेपको ब्याजदरमा आएको गिरावट, ऋणको साँवा रकम क्रमशः घट्दै जानु, अन्य सञ्चालन आम्दानीमा आएको गिरावट तथा नयाँ ऋण प्रवाह अपेक्षाकृत रूपमा कमी हुँदा भएको हो।

खर्च

जलविद्युत तथा नविकरणीय उर्जासँग सम्बन्धित आयोजनामा गरिएको कर्जा लगानीमा कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) गर्नुपर्ने रकममा भएको वृद्धिले समीक्षा अवधिमा कम्पनीको कुल खर्च रु. १३ करोड ४१ लाख कायम भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ४२.२ प्रतिशतले वृद्धि हो।

मुनाफा

आम्दानीमा आएको कमी र खर्चमा भएको वृद्धिको संयुक्त प्रभावस्वरूप कर अघिको मुनाफा अघिल्लो आर्थिक वर्षको तुलनामा ३६ प्रतिशतले घटेर रु. १ अर्ब ३२ करोड ८९ लाख कायम भएको छ। आयकर व्यवस्था पश्चात् कम्पनीको खुद मुनाफा (करपछि) रु. ९३ करोड ४३ लाखमा सीमित रह्यो, जुन अघिल्लो वर्षको तुलनामा ३५.७ प्रतिशतले कम हो। यसका अतिरिक्त, सूचीकृत कम्पनीहरूमा गरिएको शेयर लगानीको मूल्याङ्कनसम्बन्धी कम्पनीले अवलम्बन गरेको लेखा नीतिअनुसार तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम समायोजन गर्दा आर्थिक वर्ष २०८१/८२ मा कम्पनीको करपछिको मुनाफा रु. ७२ करोड २१ लाख कायम भएको छ।

प्रति शेयर आम्दानी

कुल मुनाफामा आएको कमी तथा पूँजी संरचनामा भएको विस्तारको परिणामस्वरूप समीक्षा अवधिमा प्रति शेयर आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा ३४.५ प्रतिशतले कमी भई रु. ३.८४ कायम भएको छ।

(ख) उर्जा क्षेत्रको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य

१. उर्जा क्षेत्रको अन्तर्राष्ट्रिय परिदृश्य

विश्वव्यापी ऊर्जा क्षेत्र जलवायु परिवर्तन न्यूनीकरण, ऊर्जा सुरक्षा र दिगो आर्थिक विकासका साझा उद्देश्यद्वारा निर्देशित हुँदै तीव्र संरचनात्मक रूपान्तरणको चरणमा प्रवेश गरेको पाइन्छ। संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी महासन्धि, पेरिस सम्झौता तथा दिगो विकास लक्ष्यहरू अन्तर्गतका प्रतिबद्धताले ऊर्जा नीति, लगानी प्राथमिकता र प्रविधि विकासलाई निर्णायक रूपमा प्रभावित गरेको देखिन्छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २०५० सम्म नेट/जिरो कार्बन उत्सर्जन लक्ष्य हासिल गर्न विश्व ऊर्जा प्रणालीमा नवीकरणीय ऊर्जाको हिस्सा ७०% भन्दा माथि पुऱ्याउन आवश्यक रहेको जनाएको छ। अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सी (IRENA) का प्रतिवेदनहरूअनुसार ग्रीन हाइड्रोजन, स्मार्ट ग्रिड, ई/मोबिलिटी र ऊर्जा भण्डारण (BESS) जस्ता प्रविधिगत रूपान्तरण हुने अपेक्षा गरेको छ।

विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा अन्य बहुपक्षीय संस्थाहरूका विश्लेषणअनुसार पछिल्ला वर्षहरूमा देखिएका भू/राजनीतिक तनाव, आपूर्ति शृङ्खलामा अवरोध तथा इन्धन मूल्य अस्थिरताले ऊर्जा सुरक्षालाई विश्वव्यापी नीतिगत प्राथमिकताको केन्द्रमा ल्याएको छ। आयातमा अत्यधिक निर्भर भएका मुलुकहरूले आन्तरिक तथा क्षेत्रीय नवीकरणीय ऊर्जास्रोतको विकासलाई तीव्रता दिएका छन्। त्यस्तै, हरित वित्त (Green Finance), जलवायु वित्त (Climate Finance) तथा ESG मा आधारित लगानी ऊर्जा क्षेत्रको प्रमुख वित्तीय स्रोतको रूपमा विकास हुँदै गएको पाइएको छ। यसले पूँजी/प्रधान ऊर्जा पूर्वाधार आयोजनाहरूका लागि दीर्घकालीन, सस्तो र जोखिम/साझेदारीमा आधारित वित्तीय स्रोतको पहुँच विस्तार गरेको छ।

२. उर्जा क्षेत्रको राष्ट्रिय परिदृश्य

प्रचुर जलविद्युत सम्भावनाले सम्पन्न नेपालले विद्युत् क्षेत्रको विस्तार तथा सुदृढीकरणमा पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति हासिल गर्दै आएको छ। देशमा पहिलो जलविद्युत आयोजना स्थापना भएको एक शताब्दीभन्दा बढी समय व्यतीत भइसकेको भए तापनि कुल ऊर्जा मागको तुलनामा विद्युत् ऊर्जाको हिस्सा अझै सीमित रहेको अवस्था छ। यद्यपी पछिल्ला केही वर्षमा आयोजना निर्माण, निजी क्षेत्रको सहभागिता र नीति/सुधारका कारण ऊर्जा क्षेत्रमा उल्लेखनीय प्रगति देखिएको छ। यसबाट नेपालको ऊर्जा प्रणालीलाई परम्परागत ऊर्जाबाट विद्युत-आधारित दिगो ऊर्जातर्फ रूपान्तरण हुँदै गएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ सम्ममा देशव्यापी विद्युतीकरण दर ९८ प्रतिशत पुगेको छ भने राष्ट्रिय प्रसारण प्रणालीमार्फत करिब ५७.१ लाख उपभोक्ता विद्युत् आपूर्तिमा आवद्ध छन्। विद्युत् उत्पादन करिब ३,६०० मेगावाट रहेको छ, जसमा नेपाल विद्युत प्राधिकरण तथा यसका सहायक कम्पनीले एक तिहाई र स्वतन्त्र ऊर्जा उत्पादकको आधा भन्दा बढीको योगदान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा मात्र ४३४ मेगावाट नयाँ उत्पादन क्षमता राष्ट्रिय प्रणालीमा थपिएकोमा १४२ वटा आयोजनाको कुल ४,३०३ मेगावाट क्षमता, वित्तीय बन्दोबस्त सम्पन्न भई निर्माणाधीन अवस्थामा रहेका छन् भने थप १४८ वटा आयोजनाको करिब ४,२०३ मेगावाट क्षमता, वित्तीय बन्दोबस्त नभई पूर्व-निर्माण चरणमा रहेका छन्।

हाल देशभर ६,५०८ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भइसकेको छ। हेटौंडा, ढल्केबर र इनरुवामा ४०० केभी सब/स्टेसन सञ्चालनमा आएका छन्। ढल्केबर/मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन सहित यी पूर्वाधारहरूले नेपालको बढ्दो विद्युत् व्यापार क्षमतालाई सुदृढ आधार प्रदान गरेका देखिन्छ।

नेपाल सरकारले जारी गरेको "ऊर्जा विकास मार्गचित्र, २०८१" ले सन् २०३५ सम्ममा कुल २८,५०० मेगावाट विद्युत् उत्पादन क्षमता विकास गर्ने लक्ष्य लिएको छ। जसमध्ये करिब १३,५०० मेगावाट विद्युत् आन्तरिक खपतका र करिब १५,००० मेगावाट विद्युत् निर्यातका लागि उपयोग गरिने लक्ष्य निर्धारण गरिएको छ। हाल न्यून रहेको विद्युत् खपतलाई रूपान्तरण गर्दै प्रतिव्यक्ति विद्युत् खपत वार्षिक १,५०० KWh पुऱ्याउने लक्ष्य लिइएको छ। यो लक्ष्य हासिल गर्न औद्योगिक प्रक्रियामा विद्युतीकरण, यातायात क्षेत्रमा विद्युतीय सवारी तथा चार्जिङ पूर्वाधार, व्यावसायिक तथा घरेलु क्षेत्रमा विद्युत् प्रयोग विस्तारलाई प्राथमिकतामा राखिएको छ। मार्गचित्रका लक्ष्यहरू कार्यान्वयन गर्न करिब अमेरिकी डलर ४६.५ अर्ब बराबरको लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। उक्त लगानी नेपाल सरकार, स्वदेशी निजी क्षेत्र तथा बैंकिङ्ग प्रणाली, नेपाल विद्युत प्राधिकरण, गैर/आवासीय नेपाली तथा विप्रेषण, जलवायु वित्त, वैदेशिक लगानी, अनुदान तथा सहुलियतपूर्ण ऋणबाट स्रोत परिचालन गरिने अपेक्षा गरिएको छ।

३. जलविद्युत र नविरणीय उर्जामा कम्पनीको लगानी

कम्पनीबाट हालसम्म कुल ४३३२.४ मेगावाट क्षमताका ३८ वटा जलविद्युत आयोजना, कुल २५ मेगावाट क्षमताका दुई वटा सौर्य ऊर्जा आयोजना, एउटा ४०० केभी क्रसबोर्डर प्रसारण लाइन आयोजना र अन्य तीन वटा ऊर्जासँग सम्बन्धित कम्पनीहरुमा कुल ६५ अर्ब ३८ करोड रुपैयाँ बराबरको ऋण तथा शेयर लगानी स्वीकृत भई १५ अर्ब ७ करोड रुपैयाँ

बराबरको लगानी रकम भुक्तानी भइसकेको छ। कम्पनीबाट लगानी भएका आयोजनाहरुमध्ये ८२५ मेगावाट क्षमताका १२ वटा जलविद्युत आयोजनाहरु, २५ मेगावाट (MW) क्षमताका २ वटा सौर्य ऊर्जा आयोजनाहरू र १ वटा क्रसबोर्डर प्रसारण लाईन आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन शुरु भइसकेको छ। व्यापारिक उत्पादन सुरु भइसकेका जलविद्युत् आयोजनाहरूबाट ऋण भुक्तानी प्रक्रिया सुरु भइसकेको अवस्था छ। यसका अतिरिक्त कम्पनीमा सरकारी क्षेत्र तथा नीजि क्षेत्रबाट अगाडि बढाइएका अध्ययन तथा निर्माणको विभिन्न चरणमा रहेका कुल ९१३ मेगावाट क्षमताका विभिन्न जलविद्युत तथा सौर्य आयोजनाहरु र २ वटा हाइभोल्टेज प्रसारण लाइन आयोजनाहरुमा करिब २४ अर्ब रुपैयाँ बराबरको ऋण तथा शेयर लगानीका लागि प्रस्तावहरु उपर छलफल, अध्ययन तथा मूल्याङ्कनका कार्यहरु भइरहेका छन्।

कम्पनीबाट कुल ३५८८.३ मेगावाट क्षमताका ३१ वटा विभिन्न जलविद्युत आयोजनाहरुमा ५८ अर्ब ८८ करोड रुपैयाँ ऋण लगानीको प्रतिवद्धता भई हालसम्ममा ११ अर्ब ४२ करोड रुपैयाँ ऋण प्रवाह भइसकेको छ। कम्पनीबाट नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणबाट प्रवर्द्धित जलविद्युतसँग सम्बन्धित विभिन्न ४ वटा कम्पनीहरुमा ९२.३ करोड रुपैयाँ शेयर लगानी गर्ने प्रतिवद्धता गरी हालसम्ममा ३६ करोड २५ लाख रुपैयाँ शेयर रकम भुक्तानी भइसकेको छ। कम्पनीबाट कुल ९०२.४ मेगावाट क्षमताका ९ वटा विभिन्न जलविद्युत आयोजनाहरुमा ५ अर्ब ५१ करोड रुपैयाँ शेयर लगानीको प्रतिवद्धता भई हालसम्ममा ३ अर्ब १४ करोड रुपैयाँ शेयर रकम भुक्तानी भइसकेको छ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू बर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

१. चालू आर्थिक बर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधिसम्मको वित्तीय अवस्था

चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधि अर्थात २०८२ साल आश्विन मसान्त सम्म कम्पनीको वित्तीय अवस्था निम्न बमोजिम रहेको छ:

रकम रु. हजारमा

वासलातको विवरण	
सम्पति र उपकरण	५,८७८
शेयर लगानी	४५७,४१३
कर्पोरेट बण्ड लगानी	-
ऋण लगानी	७५१,९९४
अन्य गैह्र चालु सम्पति	-
मुद्दति निक्षेप	१,५५९,०००
चालु सम्पति	-
अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब	६०२
अन्य चालु सम्पति	७,११७
नगद तथा बैंक मौज्दात	११४,९०९
जम्मा सम्पति	२,८९६,९१३
पूँजी तथा दायित्व	-
पूँजी	-
चुक्ता पूँजी	२,४५५,९८१

जगेडा तथा कोषहरु	३८१,९६१
वासलातको विवरण	
दायित्व	-
बाह्य ऋण	-
अन्य गैह्र चालु दायित्व	३०,२९१
चालु दायित्व	-
भुक्तानी गर्नुपर्ने रकम तथा व्यवस्था	२८,६७९
जम्मा पूँजी तथा दायित्व	२,८९६,९१३
बिवरण	२०८२/०४/०१ देखि २०८२/०६/३१ सम्म
नाफा नोक्सानको विवरण	
आम्दानी	
शेयर लगानीबाट आम्दानी	-
ऋण लगानीबाट आम्दानी	१५,१५९
मुद्दती निक्षेपबाट ब्याज आम्दानी	१३,८०५
अन्य सञ्चालन आम्दानी	८
कुल आम्दानी	२८,९७२
न्यूनः	-
कर्मचारी खर्च	८५९
सञ्चालन तथा प्रशासनिक खर्च	४६२
वित्तीय खर्च	१४८
ह्रास कट्टी र परिशोधन	२८५
कर्मचारी वोनस व्यवस्था	१४०
कर्जामा सम्भावित जोखिम व्यवस्था	(६३३)
कुल खर्च	१,२६२
आय कर अघिको मुनाफा	२७,७११
आय कर खर्च	८,३१३
यस अवधिको मुनाफा	१९,३९८

(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध

कम्पनीले वित्तीय तथा जलविद्युत क्षेत्रसँग सम्बन्धित सरकारी निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु, आयोजना प्रवर्द्धक एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरु लगायत अन्य सरोकारवालाहरूसँग सौहार्दपूर्ण व्यवसायिक सम्बन्ध राख्दै आएको छ। देशको ऊर्जा क्षेत्रको विकासलाई राष्ट्रिय प्राथमिकतामा राखी जलविद्युत क्षेत्रको विकासमा सरकारी तथा नीजि क्षेत्रसँग सहकार्य तथा नीजि क्षेत्रको उत्साहजनक सहभागिता हुने गरी यस कम्पनीले जलविद्युत आयोजनाहरूमा वित्तीय लगानीका अतिरिक्त प्राविधिक तथा वित्तीय परामर्श प्रदान गरिरहेको छ। जलविद्युत आयोजना एवम् सम्बन्धित क्षेत्रमा लगानी विस्तार गर्ने सम्बन्धमा कम्पनीबाट नेपाल विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनी लि., चिलिमे जलविद्युत कम्पनी लिमिटेड, राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि., कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल पूर्वाधार विकास बैंक लि. लगायत विभिन्न संस्थाहरुसँग सहकार्य र साझेदारीमा कम्पनीका व्यवसायिक गतिविधिहरु अघि बढाइएको छ।

यसैगरी, समीक्षा वर्षमा नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल, नेपाल हाइड्रोपावर एशोसिएशन, नविकरणीय उर्जा उत्पादक संस्था जस्ता व्यवसायिक संस्थाहरु लगायत विभिन्न स्वदेशी संघ संस्थाहरूसँग विभिन्न किसिमका परामर्श तथा सहकार्यमा कम्पनी संलग्न रहेको छ ।

यसै गरी World Bank, IFC, ADB, AIIB, GCF लगायत अन्य द्विपक्षीय तथा बहुपक्षीय वित्तीय संस्थाहरुसँग पूँजी संकलन तथा लगानीका क्षेत्रमा सहकार्यका विषयमा छलफललाई निरन्तरता दिइएको छ । नेपालको जलविद्युत क्षेत्रमा सहकार्य गरिरहेका USAID, NORAD, ICH, IHA जस्ता संस्थाहरु तथा नेपालको जलविद्युत क्षेत्रमा चासो राख्ने मित्र राष्ट्रहरुका प्रतिनिधिहरुसँग पनि नियमित व्यवसायिक भेटघाट जारी नै रहेको छ । जलविद्युत आयोजनाहरुको निर्माण, पूँजी संकलन तथा प्राविधिक सहयोगका विषयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्बन्ध विस्तार तथा सहकार्य गर्ने योजना रहेको छ ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट मिति २०८० चैत्र ३० बाट सचिव श्री शुसिल चन्द्र तिवारीलाई मनोनयन गरिएको र वहाँलाई सञ्चालक समितिबाट सञ्चालक समितिको अध्ययक्ष चयन गरिएको थियो । सचिव श्री शुसिल चन्द्र तिवारीको अवकाश पश्चात मन्त्रालयबाट मिति २०८१ श्रावण २१ गतेदेखि सचिव गोपाल प्रसाद सिग्देल मनोनयन भई आउनुभएको थियो । मिति २०८१ आश्विन २० गतेदेखि मन्त्रालयका सचिव श्री सुरेश आचार्यलाई सञ्चालक मनोनयनभई आउनुभएको थियो । तत्पश्चात् मिति २०८२ आश्विन २४ गते देखि मन्त्रालयका सचिव श्री चिरञ्जीवी चटौतलाई सञ्चालकमा मनोनयन गरिएकोछ र वहाँलाई सञ्चालक समितिबाट सञ्चालक समितिको अध्यक्ष चयन गरिएको छ ।

नेपाल सरकार, अर्थ मन्त्रालयबाट सञ्चालक समितिमा मिति २०८१।०९।०३ गते मन्त्रालयका सहसचिव श्री दीर्घराज मैनाली मनोनयन भई आउनुभएको थियो । तत्पश्चात मिति २०८१।११।१२ गते देखि मन्त्रालयका सहसचिव श्री यज्ञ प्रसाद भट्टराई ले प्रतिनिधित्व गर्नु भएको थियो र वहाँको स्थानमा मिति २०८२ आश्विन २४ गते देखि मन्त्रालयका सहसचिव श्री महेश आचार्य सञ्चालक मनोनयन हुनुभएको छ ।

नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयबाट सहमहालेखा नियन्त्रक श्री राजेश्वर ज्ञवालीले सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएको थियो र वहाँको स्थानमा मिति २०८१ आश्विन २० गतेदेखि सहमहालेखा नियन्त्रक श्री श्यामप्रसाद भण्डारी सञ्चालक मनोनयन हुनु भएको थियो । तत्पश्चात मिति २०८१।११।१५ गते देखि महालेखा नियन्त्रक श्री विष्णु प्रसाद ज्ञवाली सञ्चालकमा मनोनयन हुनुभएको थियो । यसैगरी महालेखा नियन्त्रक कार्यालय बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएकोमा कम्पनीको नियमावलीमा व्यवस्था भएको पालोक्रम अनुसार मिति २०८२ जेष्ठ २६ गते देखि नेपाल सरकार कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री दल बहादुर अधिकारीले सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएको छ । यसैगरी कर्मचारी सञ्चय कोषबाट कोषका प्रशासक श्री जितेन्द्र धितालले सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएकोमा कम्पनीको नियमावलीमा व्यवस्था भएको पालोक्रम अनुसार मिति २०८१ ज्येष्ठ २१ गतेदेखि राष्ट्रिय जीवन वीमा कम्पनी लिमिटेडका निमित्त प्रमुख कार्यकारी अधिकृत श्री महेश रिमालले सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएको छ ।

कम्पनीको नियमावली, २०६८ को नियम २७ को उपनियम (२) को खण्ड (क) को बूँदा नं. (५) मा यस कम्पनीको सञ्चालक समितिमा "संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट निर्वाचित १ जना" सञ्चालक रहने व्यवस्था रहेको र नियमावलीको ३१ को खण्ड (क) मा "उपसमूह क-२ का अन्य संस्थापकलाई छुट्याइएको सम्पूर्ण शेयर चुक्ता भए पश्चात त्यस्ता संस्थापक शेयरधनीबाट सञ्चाकलक समितिमा प्रतिनिधित्व हुनेछ" भन्ने व्यवस्था रहेकोले गर्दा विगतमा सो पदमा सञ्चालक नियुक्त हुन सकेको थिएन । आर्थिक वर्ष २०८१/८२ मा उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुलाई छुट्याइएको शेयर पूर्ण रुपमा बिक्री भइसकेकोले मिति २०८१।०९।२४ मा सम्पन्न कम्पनीको तेह्रौँ वार्षिक साधारण सभामा अन्य संस्थापक शेयरधनीहरुकोतर्फबाट हुने सञ्चालक प्रतिनिधिमा

श्री अनुज्ञा सापकोटा निर्वाचित भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएको छ ।

कम्पनीमा सञ्चालक समितिको अध्यक्ष रही कम्पनीको विकासमा पुऱ्याउनुभएको योगदानको लागि सचिव श्री गोपाल प्रसाद सिग्देल र पूर्व सचिव श्री सुरेश आचार्यलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी कम्पनीका निवर्तमान सञ्चालकहरु श्री, श्याम प्रसाद भण्डारी, विष्णु प्रसाद ज्ञवाली, श्री दीर्घराज मैनाली, श्री यज्ञ प्रसाद भट्टराई लाई कम्पनीमा पुऱ्याउनुभएको योगदान प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

कम्पनीको व्यवसाय र कार्यहरूलाई असर पार्ने मुख्य कुराहरू देहाय अनुसार रहेका छन् ।

- कम्पनीले लगानी प्रतिबद्धता गरेका धेरै आयोजनाहरू निर्माणपूर्व वा प्रारम्भिक चरणमा रहनु, वित्तीय व्यवस्थापन पूरा हुन ढिलाइ हुनु तथा प्राविधिक/संरचनागत जटिलताका कारण ऋण तथा शेयर लगानीको वास्तविक प्रवाह अपेक्षित गतिमा हुन सकेन। यसका कारण उपलब्ध वित्तीय स्रोतको ठूलो हिस्सा मुद्दती निक्षेपमा राख्नुपर्ने अवस्था सिर्जना भएको छ । बैंकिङ प्रणालीमा अत्यधिक तरलता रहँदा मुद्दती निक्षेप तथा कल डिपोजिटको ब्याजदर ऐतिहासिक रूपमा न्यून स्तरमा झरेको अवस्थाले ब्याज आम्दानीमा कमी आई कम्पनीको कुल आम्दानीमा नकारात्मक प्रभाव पर्ने देखिएकोछ ।
- समग्र बैंक तथा वित्तीय संस्थाहरूको कर्जा विस्तारले अपेक्षित गति नलिएको हालको अवस्थामा जलविद्युत तथा नविकरणीय ऊर्जामा मात्र केन्द्रित भई लगानी विस्तार गर्नुपर्ने हामीलाई पूर्व अनुमानयोग्य लक्ष्यहरू प्राप्त गर्न थप चुनौतीपूर्ण भएको छ ।
- नेपालको जलविद्युत तथा नवीकरणीय ऊर्जा क्षेत्रमा दीर्घकालीन सम्भावना रहँदा पनि आयोजना विकासको गति अपेक्षाकृत सुस्त रहनु, आयोजना स्वीकृति, वातावरणीय अनुमति, भूमि प्राप्ति तथा प्रसारण पूर्वाधारको सीमितताले लगानी प्रवाह र रकम परिचालनमा ढिलाइ हुन सक्ने देखिएको छ ।
- पूर्वाधार निर्माण आयोजना निर्धारण समय र लागतमा निर्धारित गुणस्तर सहित सम्पन्न गर्नु, ऊर्जा उत्पादकको दक्षता अभिवृद्धि गरी जलविद्युत तथा नविकरणीय ऊर्जा क्षेत्रको विकासमा तिव्रता ल्याउनु र ऊर्जा पूर्वाधार निर्माण कार्यमा संलग्न हुने सरोकारवालापक्षहरूबीचको आपसी सहकार्य कायम गर्दै निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको छ ।
- कम्पनीको सम्पत्ति र दायित्व संरचनाबीच सम्भावित बेमेलका कारण तरलता, नगद प्रवाह तथा ब्याजदर संवेदनशीलतासँग सम्बन्धित जोखिम उत्पन्न हुने सम्भावना रहन्छ । यसले कम्पनीका विभिन्न वित्तीय सूचकाङ्कहरू तथा समग्र कारोवार कार्यसम्पादनमा असर पार्न सक्छ ।
- कर संरचना, छुट तथा सहुलियतसम्बन्धी व्यवस्थामा हुन सक्ने परिवर्तन, तथा औद्योगिक एवम् पूर्वाधार क्षेत्रमा देखिन सक्ने चक्रिय उतार-चढावले कम्पनीको लगानी निर्णय, नगद प्रवाह तथा कारोवार विस्तारमा प्रभाव पार्न सक्छ ।
- जलवायु परिवर्तनका कारण बाढी, पहिरो, अत्यधिक वर्षा तथा अन्य प्राकृतिक प्रकोपहरूको आवृत्ति र तीव्रता बढ्दै गएको सन्दर्भमा, कम्पनीले लगानी गरेको वा गर्ने जलविद्युत तथा पूर्वाधार आयोजनाहरूमा निर्माण, सञ्चालन, लागत तथा प्रतिफलसँग सम्बन्धित जोखिम उत्पन्न हुन सक्छ, जसले कारोवार विस्तारमा चुनौती थपेको छ ।
- मुलुकभित्रको राजनीतिक स्थिरता, नीतिगत निरन्तरता तथा त्यसले समग्र आर्थिक गतिविधिमा पार्ने प्रभावले कम्पनीको कारोवार वातावरण, लगानीको गति र वित्तीय बजारको विश्वासमा असर पार्न सक्छ ।
- सूचना प्रविधिको तीव्र विकाससँगै Artificial Intelligence (AI), Machine Learning (ML), Blockchain, Quantum Computing जस्ता नवीन प्रविधिहरूको प्रयोगले कार्यदक्षता बढाउने अवसर प्रदान गरे तापनि,

यससँगै साइबर सुरक्षा, डेटा गोपनीयता तथा प्रणालीगत सञ्चालन जोखिमसमेत बढ्दै गएको छ, जुन कम्पनीका लागि थप चुनौतीको विषय बनेको छ ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदनमा सामान्य प्रकृतिका कैफियत रहेको र उक्त कैफियतहरूलाई लेखापरीक्षण समिति र सञ्चालक समितिमा छलफल गरी सञ्चालक समितिबाट सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिई सकिएको छ । लेखापरीक्षकबाट सारभूत रुपमा गलत आँकडा रहित लेखापरीक्षण प्रतिवेदन पेश भएको छ ।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

कम्पनीको खुद मुनाफाबाट २०८२ साल आषाढ मसान्तसम्ममा सञ्चित रहेको वितरणयोग्य मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षरेपी एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको २% (अक्षरेपी दुई प्रतिशत) का दरले हुने नगद लाभांश र बोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरेपी उनन्पचास करोड एघार लाख छयानब्बे हजार दुई सय अठछ्ठी मात्र) नगद लाभांश नेपाल सरकारको स्वीकृति लिई वितरण गर्ने प्रस्ताव आगामी चौधौं वार्षिक साधारण सभामा पेश गर्ने निर्णय भएको छ ।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बाषत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण:

समीक्षा अवधिमा कम्पनीले कुनै शेयरहरू जफत गरेको छैन ।

(ञ) विगत आर्थिक बर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन

मुलुकमा विप्रेषणबाट प्राप्त हुने रकमको केही अंश जलविद्युत आयोजनाको निमार्णमा परिचालन गर्ने उद्देश्यले कम्पनीले रेमिट हाइड्रोको अवधारणा विकास गरी सोको कार्यान्वयनका लागि सहायक कम्पनीहरु रेमिट हाइड्रो लिमिटेडबाट ७७.५ मेगावटको घुन्सा खोला जलविद्युत आयोजना तथा सिम्बुवा रेमिट हाइड्रो लिमिटेडबाट ७०.३ मेगावटको सिम्बुवा खोला जलविद्युत आयोजना निर्माण गर्ने कार्य अघि बढाएको थियो । कम्पनीको ५१% शेयर स्वामित्व रहने गरी सहायक कम्पनीको रुपमा स्थापना भएकोमा हाल उक्त दुवै सहायक कम्पनीहरुको शेयर पुर्नसंरचना भई नेपाल विद्युत प्राधिकरण र विद्युत विकास विभाग शेयरधनीका रुपमा प्रवेश भएको र नयाँ शेयर संरचनाको प्रावधान अनुसार यस कम्पनीले उल्लेखित कम्पनीमा १५% शेयर धारण गर्ने गरी निर्णय गरेको अवस्था रहेको छ । यद्यपी चुक्ता भएको पूँजीका आधारमा उक्त दुवै कम्पनीमा यस कम्पनीको ५१% भन्दा बढी शेयर लगानी भएको हुँदा दुवै कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरिएको वित्तीय विवरणलाई यस कम्पनीको वित्तीय विवरणमा एकिकृत गरी प्रस्तुत गरिएको छ । आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म कम्पनीबाट रेमिट हाइड्रो लिमिटेडमा रु. ६१ करोड र सिम्बुवा रेमिट हाइड्रो लिमिटेडमा रु. ४० करोड बराबरको शेयर लगानी भएको छ ।

(ट) कम्पनीको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन

समीक्षा अवधिमा त्यस्तो कुनै कारोबार नभएको ।

(ठ) विगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी

कम्पनीको कारोबार सम्बन्धमा आधारभूत शेयरधनीहरूबाट कम्पनीलाई हालसम्म कुनै उल्लेख्य जानकारी उपलब्ध भएको छैन ।

(ङ) विगत आर्थिक बर्षमा कम्पनीको सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी

आर्थिक वर्ष २०८१/८२ मा कम्पनीका सञ्चालक वा पदाधिकारीबाट कम्पनीको शेयर खरिद गरिएको वा कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न भएको कुनै जानकारी कम्पनीलाई प्राप्त भएको छैन ।

(ढ) विगत आर्थिक बर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा

यस सम्बन्धी कुनै जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम

हालसम्म कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण

नियमनकारी नियन्त्रण प्रणालीका अतिरिक्त कम्पनीमा प्रभावकारी एवं सक्षम आन्तरिक नियन्त्रण प्रणाली रहेको छ। यसका लागि कम्पनीमा सञ्चालक स्तरीय लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, मानव संशाधन तथा सेवा सुविधा समिति र सम्पति तथा दायित्व व्यवस्थापन समिति रहेका छन् । कम्पनीको आन्तरिक लेखापरीक्षण कार्य कम्पनी भन्दा वाहिरको विशेषज्ञ मार्फत गर्ने गरिएको छ। सञ्चालन प्रकृयातर्फ आर्थिक प्रशासन तथा खरिद विनियमावली, कर्मचारी विनियमावली, लेखा नीति, आन्तरिक नियन्त्रण प्रणाली, लगानी नीति तथा आवश्यक नीति तथा निर्देशिकाहरू तयार गरी लागू गरिएको छ। यसका अतिरिक्त प्रचलित ऐन, कानून तथा नेपाल सरकारबाट प्राप्त निर्देशनको अधीनमा रही कम्पनीले कार्य गर्दै आएको छ ।

आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनका लागी कम्पनीमा सञ्चालक समितिका पदाधिकारीहरू सम्मिलित देहायका समितिहरू क्रियाशिल रहेका छन् ।

लेखापरीक्षण समितिः

स्वतन्त्र लेखापरीक्षकबाट नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्ने र आन्तरिक लेखापरीक्षणको प्रतिवेदन सोझै लेखापरीक्षण समितिलाई पेश गर्ने व्यवस्था मिलाइएको छ। सोको अलावा यस समितिले अन्तिम लेखापरीक्षण प्रतिवेदन, कम्पनीको कार्य प्रणालीको स्थलगत अवलोकन, कम्पनीको लेखा प्रणाली, वित्तीय विवरणहरु, बाह्य लेखापरीक्षण प्रतिवेदन उपर समेत छलफल गरी राय सुझाव सहित सञ्चालक समितिमा पेश गर्ने गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा लेखापरीक्षण समितिको १२ वटा बैठक बसेको छ ।

जोखिम व्यवस्थापन समितिः

जोखिम व्यवस्थापन समितिबाट विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रणालीको विकास गर्ने, व्यवसायिक गतिविधिमा निहित जोखिमको पहिचान गरी त्यसको व्यवस्थापनको आवश्यक रणनीति तयार गर्ने, जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन सम्बन्धमा छलफल गर्ने, कम्पनीले लिने जोखिमको विश्लेषण गर्ने लगायत नियमनकारी निकायबाट जारी गरिएका नीति निर्देशन बमोजिम काम भए नभएको लगायतका जोखिम न्यूनिकरणका उपायहरूको समीक्षा गरी आफ्नो राय सुझाव सञ्चालक समितिलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। यसका अतिरिक्त यस समितिबाट ऋण तथा शेयर लगानी सम्बन्धी प्राप्त प्रस्तावहरुको आवश्यक समीक्षा गरी सञ्चालक

समितिमा सिफारिस गर्ने कार्य समेत गर्दछ । आर्थिक वर्ष २०८१/८२ मा जोखिम व्यवस्थापन समितिको २० वटा बैठक बसेको छ ।

मानव संशाधन तथा सेवा सुविधा समितिः

यस समितिले कर्मचारी विनियमावलीमा आवश्यकता अनुसार संशोधन तथा कर्मचारीहरूको वृत्ति विकासका अतिरिक्त कम्पनीको उद्देश्य सुहाउँदो सेवा सुविधाको विश्लेषण गरी आवश्यक राय सुझाव सहित सञ्चालक समितिमा पेश गर्ने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा मानव संशाधन तथा व्यवस्थापन समितिको १ वटा बैठक बसेको छ ।

सम्पति तथा दायित्व व्यवस्थापन समितिः

यस समितिले कम्पनीमा उपलब्ध वित्तीय स्रोतको परिचालन तथा उपयोग अवस्थाको समिक्षा गर्दै तिनको उत्पादकत्व एवम् प्रभावकारिता अभिवृद्धि गर्न, वित्तीय जोखिमलाई स्वीकार्य स्तरमा कायम गर्दै सम्पत्ति तथा दायित्वको उचित व्यवस्थापन गर्न तथा लगानीको प्रतिफललाई अधिकतम गरी लगानीकर्ताहरुको उच्चतम हित सुनिश्चित गर्ने विषयमा नीति नियम निर्माण गर्ने र सम्बन्धित विषयमा व्यवस्थापनलाई निर्देशन दिने तथा सञ्चालक समितिमा आवश्यक सिफारिस गर्ने। आर्थिक वर्ष २०८१/८२ मा सम्पति तथा दायित्व व्यवस्थापन समितिको ४ वटा बैठक बसेको छ ।

(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

आर्थिक वर्ष २०८१/८२ मा कम्पनीमा भएको कूल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छः

कर्मचारी खर्चः	रू. ४०,०८२,५७०।- (कर्मचारी वोनस व्यवस्था रु. ५,००७,२२९.४७।- समेत)
कार्यालय संचालन खर्चः	रू. ९४,०३९,५१५।-
जम्मा	रू. १३४,१२२,०८५।-

(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सोसमितिले कुनै सुझाव दिएको भए सोको विवरण

कम्पनीको लेखापरीक्षण समितिमा ३ जना सञ्चालकहरु रहने व्यवस्था रहेको छ । यस समितिबाट कम्पनीको त्रैमासिक एवं वार्षिक वित्तीय विवरणहरु र आन्तरिक तथा बाह्य लेखापरीक्षकहरुबाट प्राप्त प्रतिवेदनहरु उपर स्वतन्त्र रूपमा विस्तृत अध्ययन गरी सञ्चालक समितिलाई सुधारको लागि सुझाव पेश गर्ने गरिएको छ । साथै, यस समितिको बैठकमा विभिन्न विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि आवश्यकता अनुसार कम्पनीका पदाधिकारीहरूलाई समेत आमन्त्रण गर्ने गरिएको छ । कम्पनीबाट लेखापरीक्षण समिति सदस्यहरुलाई बैठक भत्ता रु. ५,०००।- प्रति बैठक प्रदान गर्ने गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा लेखापरीक्षण समितिका सदस्यहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छः

क्र.सं.	नाम	पद	उपस्थित बैठक संख्या	कुल भत्ता रकम (रु.)
१.	श्री महेश रिमाल	संयोजक	१२	६०,०००
२.	श्री सुधिर ज्ञवाली	सदस्य	१२	६०,०००
३.	श्री श्याम प्रसाद भण्डारी	पूर्व सदस्य	१	५,०००
			जम्मा	**१,२५,०००**

(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

नभएको ।

(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

(क) कम्पनीको सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकलाई सञ्चालक समितिको बैठकमा प्रति बैठक रू. ७,०००।- बैठक भत्ता प्रदान गर्ने गरिएको छ। सञ्चालक सम्मिलित अन्य समितिहरूको बैठकमा संयोजक र सदस्यहरुलाई प्रति बैठक रु. ५०००।- बैठक भत्ता प्रदान गर्ने गरिएको छ। पदपूर्ति समितिका संयोजक र सदस्यलाई प्रति बैठक रु. ३,०००।- बैठक भत्ता प्रदान गर्ने गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा सञ्चालकहरुलाई प्रदान गरिएको बैठक भत्ताको विवरण देहाय अनुसार छः

क्र.सं.	सञ्चालकको नाम	पद	सञ्चालक समिति बैठक भत्ता रकम	अन्य समिति बैठक भत्ता रकम	कूल भत्ता रकम
१.	श्री सुरेश आचार्य	अध्यक्ष	१,४७,०००	१,८०,०००	३,२७,०००
२.	श्री दल बहादुर अधिकारी	सञ्चालक	२८,०००	२०,०००	४८,०००
३.	श्री महेश रिमाल	सञ्चालक	१,४७,०००	२,५०,०००	३,९७,०००
४.	श्री अनुज्ञा सापकोटा	सञ्चालक	९१,०००	४०,०००	१,३१,०००
५ .	श्री सुधीर ज्ञवाली	सञ्चालक	१,६१,०००	२,००,०००	३,६१,०००
६.	श्री माधव प्रसाद कोइराला	सञ्चालक	१,६१,०००	१,९०,०००	३,५१,०००
७.	श्री गोपाल प्रसाद सिग्देल	पूर्व अध्यक्ष	१४,०००	-	१४,०००
८.	श्री दीर्घ राज मैनाली	पूर्व सञ्चालक	२८,०००	-	२८,०००
९.	श्री राम प्रसाद आचार्य	पूर्व सञ्चालक	२१,०००	-	२१,०००
१०.	श्री श्याम प्रसाद भण्डारी	पूर्व सञ्चालक	३५,०००	१५,०००	५०,०००
११.	श्री यज्ञ प्रसाद भट्टराई	पूर्व सञ्चालक	७७,०००	६०,०००	१,३७,०००
१२.	श्री विष्णु प्रसाद ज्ञवाली	पूर्व सञ्चालक	२१,०००	१५,०००	३६,०००
		जम्मा	**९,३१,०००**	**९,७०,०००**	**१९,०१,०००**

(ख) कार्यकारी प्रमुख तथा व्यवस्थापन समूहका पदाधिकारीहरूलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छः

क्र.सं.	नाम	पद	तलब र भत्ता	बैठक भत्ता	कुल पारिश्रमिक
१.	श्री प्रजेश विक्रम थापा	प्रमुख कार्यकारी अधिकृत	३७८,२९१	३२,०००	४१०,२९१
२.	श्री सुनिल पौडेल	पूर्व प्रमुख कार्यकारी अधिकृत	१७४,४२७	२१,०००	१९५,४२७
३.	श्री अर्जुन कुमार गौतम	पूर्व प्रमुख कार्यकारी अधिकृत	६,६५९,०८३	२०७,०००	६,८६६,०८३
४.	श्री अरुण रजौरिया	पूर्व नायव प्रमुख कार्यकारी अधिकृत (जलविद्युत)	४,५८१,०३७	१३९,०००	४,७२०,०३७
५ .	श्री जीवन कुमार बस्नेत	पूर्व नायव प्रमुख कार्यकारी अधिकृत (वित्त)	३,३६०,२५९	५८,०००	३,४१८,२५९
		जम्मा	**१५,१५३,०९७**	**४५७,०००**	**१५,६१०,०९७**

उपरोक्त तलब, भत्ता तथा सुविधाहरूमा प्रचलित कानुन अनुसार कर कट्टी गरेर भुक्तानी गर्ने गरिएको छ।

(प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम

शेयरधनीहरुले बुझिलिन बाँकी रहेको जम्मा लाभांश (२०८२/०३/३२ सम्ममा): रू. १८५,९१२,००५।-

(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री नभएको ।

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

समीक्षा अवधिमा सम्बद्ध कम्पनी बीच दफा १७५ बमोजिमको कारोबार नभएको ।

(भ) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा

नभएको ।

(म) अन्य आवश्यक कुराहरू:

१. कम्पनीको मानव संसाधन व्यवस्थापन:

समीक्षा वर्षको आषाढ मसान्तसम्ममा प्रमुख कार्यकारी अधिकृत बाहेक यस कम्पनीमा ७ जना स्थायी र १ जना व्यवस्थापन करार अन्तर्गत कर्मचारी कार्यरत रहेका र कम्पनीको सांगठनिक ढाँचा अनुसार सेवा करारका ११ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

यस कम्पनीमा कर्मचारीहरूको प्रशासनिक तथा प्राविधिक सेवाको तह विभाजन, कम्पनीको कार्य सम्पादन गर्न आवश्यक पर्ने संगठनात्मक संरचना र दरबन्दीको व्यवस्था, कार्यविवरण बमोजिम सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकारको व्यवस्था गरिएको छ । सेवाका रिक्त पदहरू खुल्ला प्रतियोगिताबाट पूर्ति गर्नका लागि पदपूर्ति उपसमितिको व्यवस्था गरी प्रतियोगितात्मक प्रणालीबाट पदपूर्ति गरिने व्यवस्था रहेको छ ।

२. सूचना प्रविधिको कार्यान्वयन:

कम्पनीको कार्यहरूलाई छिटो छरितो तथा थप प्रभावकारी बनाउने उद्देश्यले कम्पनीले सूचना प्रविधिको को प्रयोग गर्दै आईरहको छ । कम्पनीको व्यवसाय वृद्धि भएसँगै उपलब्ध सफ्टवेयरहरुमा आवश्यक विकास गरी कम्पनी सञ्चालन तथा व्वयस्थापनका सबै पक्षहरुलाई सूचना प्रविधिको माध्यममा यथाशक्य समेट्ने योजना अनुसार समीक्षा अवधिमा नयाँ Enterprises Resource Planning System लागू गरिएको छ ।

३. संस्थागत सामाजिक उत्तरदायित्व:

यस कम्पनीले समाजमा आफ्नो उपस्थिति विभिन्न माध्यमवाट देखाउँदै आएको छ । व्यवसायसँग सम्बद्ध सरोकारवालाहरूका अतिरिक्त समाजप्रतिको उत्तरदायित्व (Corporate Social Responsibility) निर्वाह गर्न विभिन्न सामाजिक क्रियाकलापमा संलग्न भई सदैव कम्पनी क्रियाशील रहेको छ ।कम्पनीबाट सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कार्यलाई व्यवस्थित तथा किफायती ढंगबाट सञ्चालन गर्नको लागि कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मापदण्ड सञ्चालक समितिबाट स्वीकृत गरी लागू गरेको छ ।

यस कार्यक्रम अन्तर्गत समीक्षा अवधिमा कम्पनीले संवत् २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षका कारण उत्पन्न बाढी तथा पहिरो लगायत अन्य प्राकृतिक प्रकोप प्रभावितलाई राहत एवम् उद्दार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यका साथ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा रु.१० लाख आर्थिक सहयोग प्रदान गरेको छ ।

४. भावी मार्ग चित्र - कम्पनीको चार वर्षे रणनीतिक व्यवसायिक योजना:

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीले दिएको कार्यादेश, जलविद्युत् विकास तथा लगानीसम्बन्धी नेपाल सरकारले

अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रम, लगानीको समग्र वातावरणको विश्लेषण तथा कम्पनीले विगतमा अवलम्बन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षा समेतका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्रसहितको आगामी चार वर्षे रणनीतिक व्यवसायिक योजना (आर्थिक वर्ष: २०८२/८३ देखि २०८५/८६) तयार भइसकेको छ। निजी तथा सरकारी स्तरबाट विकास गरिने जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जा आयोजनाहरूमा शेयर तथा ऋण लगानीमार्फत आयोजनाहरूको वित्तीय, संस्थागत तथा प्राविधिक सुदृढीकरण गर्ने र दीर्घकालीन लगानीद्वारा कम्पनीका शेयरधनीहरूको लाभ अभिवृद्धि गर्ने उद्देश्यसहित यस रणनीतिक योजनाको कार्यान्वयन गरिनेछ।

रणनीतिक योजनाले जलविद्युत, नवीकरणीय ऊर्जा तथा उदियमान ऊर्जा प्रविधिमा लगानी गर्ने अग्रणी वित्तीय संस्थाका रूपमा कम्पनीलाई स्थापित गर्ने दीर्घकालीन दूरदृष्टि लिएको छ। योजनाले आगामी दस वर्षलाई समेट्दै दुई चरणमा कार्यान्वयन गरिनेछ। पहिलो चरण (आर्थिक वर्ष २०८२/८३ देखि २०८५/८६) मा संस्थागत आधार सुदृढीकरणसहित रणनीतिक लगानीको सुरुवात गरिनेछ भने दोस्रो चरण (आर्थिक वर्ष २०८६/८७ देखि २०९१/९२) मा ऊर्जा क्षेत्रमा लगानी विस्तार तथा विविध वित्तीय स्रोतहरूको परिचालनमार्फत नेतृत्वकारी भूमिका सुदृढ गर्ने लक्ष्य राखिएको छ।

रणनीतिक व्यवसागिक योजनाले योजनाले देहायका विषयहरुलाई प्राथमिकताका साथ अघि बढाएको छ;

१. सञ्चालन उत्कृष्टता **(Operational Excellence):** यस अन्तर्गत संस्थाको सुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने, डिजीटल रुपान्तरण **(Digital Transformation)** मार्फत सूचना प्रविधि प्रणाली तथा रिपोर्टिङ प्रणालीको आधुनिकीकरण गर्ने, साथै कर्मचारीहरूको क्षमता विकास र व्यावसायिक आचारसंहिता प्रवर्द्धन गर्ने।

२. लगानी विस्तार र वित्तीय स्रोत परिचालन (**Financial Growth**): यस अन्तर्गत वित्तीय स्रोतको प्रभावकारी परिचालनमार्फत लगानीमा प्रतिफल सुधार गर्ने, बन्ड, सहुलियतपूर्ण ऋण लगायत वैकल्पिक एवम् नविन वित्तीय स्रोतहरूको उपयोग मार्फत वित्तीय स्रोत परिचालन विविधीकरण गर्ने।

३. पोर्टफोलियो तथा जोखिम व्यवस्थापन (**Portfolio & Risk Management**): यसमा जलविद्युत उत्पादनसँगै प्रसारण र वितरणका अलावा नविन र उदियमान ऊर्जा प्रविधिको क्षेत्रमा लगानी विस्तार गरी पोर्टफोलियो सन्तुलन, केन्द्रिकृत जोखिम (Concentration Risk) कम गर्ने र लगानी जोखिमको नियमित अनुगमन तथा व्यवस्थापन सुनिश्चिता गर्ने।

४. साझेदारी र सहकार्य **(Partnership)** : बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार, अन्तर्राष्ट्रिय वित्तीय संस्था, स्वदेशी बैंक तथा संस्थागत लगानीकर्तासँग सहकार्य गर्दै दीर्घकालीन पूँजी परिचालन, जोखिम बाँडफाँड तथा नविन ऊर्जा प्रविधि र नवप्रवर्तनका क्षेत्रमा साझेदारी र सहकार्य गर्ने।

दिगो, भरपर्दो तथा गुणस्तरीय ऊर्जाको सुनिश्चितता गर्ने उद्देश्यका साथ वर्तमान लगानी नीतिमा थप व्यवस्था गरी हाल जलविद्युत् तथा नवीकरणीय ऊर्जामा सीमित रहेको लगानी क्षेत्रलाई विस्तार गर्ने विषयमा अध्ययन तथा छलफल भइरहेको छ। यस क्रममा आगामी दिनमा उदियमान ऊर्जा प्रविधि तथा ऊर्जासम्बन्धी संरचना (Emerging Energy Technologies and Energy–related Infrastructures) मा जस्तै ग्रीन हाइड्रोजन, ई-मोबिलिटी, ब्याट्री इनर्जी स्टोरेज सिस्टम (BESS) लगायत क्षेत्रमा लगानी विस्तार र विविधीकरण गर्ने प्रस्ताव अघि बढाइएको छ। यसबाट कम्पनीको उद्देश्यमा नयाँ आयाम थपिने तथा हालसम्म जलविद्युत् तथा नवीकरणीय ऊर्जासम्बन्धी आयोजनामा केन्द्रित रहँदै आएको कम्पनीले भविष्यमा नवीकरणीय ऊर्जासँग सम्बन्धित अन्य क्षेत्रहरूमा समेत लगानी विस्तार र विविधिकरण गरी उल्लेख्य उपस्थिति कायम गर्ने विश्वास गरिएको छ।

समग्रमा, कम्पनीले आगामी चार वर्षमा रु. ४.३१ अर्बको शेयर लगानी र रु. ४५.३१ अर्बको ऋण लगानी गर्ने योजना राखेको छ। आगामी दस वर्षमा यी लगानी रकम क्रमशः रु. ३१.१७ अर्ब र रु. १५१.३३ अर्बसम्म पुग्ने

अपेक्षा गरिएको छ । यी लगानीहरू सुनिश्चित गर्न कम्पनीले आफ्नै शेयर पूँजी, अवितरित नाफा तथा रिजर्भ, बन्ड र सहुलियतपूर्ण ऋणमार्फत वित्तीय स्रोत परिचालन गर्ने लक्ष्य लिएको छ ।

५. लेखापरीक्षक:

कम्पनीको तेह्रौ वार्षिक साधारण सभाबाट श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श गरिएका सिए. श्री ठाकुर प्रसाद अधिकारीलाई कम्पनीको लेखापरीक्षक नियुक्त गरिएको थियो । सिए. श्री अधिकारीबाट कम्पनीको लेखापरीक्षण कार्य सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को लागि कम्पनीको लेखापरीक्षण गर्ने सम्बन्धमा श्री महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षकको नियुक्तिको लागि परामर्श माग गरिएको छ । प्राप्त परामर्श अनुसार लेखापरीक्षक नियुक्तिको विवरण प्रस्तावको रुपमा यस सभामा पेश गरेको छु । समीक्षा अवधिमा कम्पनीको आन्तरिक लेखापरीक्षक टि. सुवास एण्ड एसोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स रहेको र चालु आर्थिक वर्षको लागि शंकर एण्ड एसोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स नियुक्त गरिएको छ ।

धन्यवाद ज्ञापन:

अन्त्यमा,

यस कम्पनीको उद्देश्य प्राप्तिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग पुऱ्याउनु हुने शेयरधनी महानुभावहरू, नेपाल सरकारका सम्बन्धित निकायहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरू तथा स्वदेशी तथा विदेशी संघ संस्थाहरू, कम्पनीका लेखापरीक्षक, परामर्शदाताहरु, पत्रकारमित्रहरू तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरू प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । यसैगरी, कम्पनीलाई विश्वास गरी कम्पनीसँग सहकार्य गर्नुहुने विभिन्न जलविद्युत एवम् ऊर्जासँग सम्बन्धित आयोजना प्रवर्द्धकहरु, नेपाल विद्युत प्राधिकरण तथा बैंक तथा वित्तीय संस्थाहरु प्रति सहकार्यका लागि हार्दिक आभार व्यक्त गर्दछु । कम्पनीको उत्तरोत्तर प्रगतिमा पुऱ्याउनुभएको योगदानका लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरूबाट कम्पनीले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिबद्धता एवं बहाँहरुको कर्तव्यनिष्ठता, लगनशीलता, इमानदारिता तथा निरन्तर रुपमा गरेको अथक परिश्रमको सराहना गर्दै धन्यवाद दिन चाहन्छु ।

साथै, हाम्रा आदरणीय शेयरधनी महानुभावहरूले कम्पनी प्रति देखाउनुभएको अगाध विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा यहाँहरूको सदाशयता र सहयोग कायमै रहने अपेक्षा गर्दछु । कम्पनीको सञ्चालक समिति तथा कम्पनी परिवारको तर्फबाट शेयरधनी महानुभावहरूको रचनात्मक सल्लाह, सुझाव र सहयोगलाई सदैव मार्गनिर्देशनका रूपमा लिइने छ भन्ने प्रतिबद्धता व्यक्त गर्दै हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु । अन्त्यमा, सभाको छलफलको विषयसूची अनुसारका विषयहरूमा छलफल प्रारम्भ गरी सभाको कारबाही अघि बढाउनको लागि अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद ।

.....	.....	.....
माधव प्रसाद कोइराला	सुधिर ज्ञवाली	अनुज्ञा सापकोटा
स्वतन्त्र सञ्चालक	सञ्चालक	सञ्चालक
.....	.....	.....
महेश रिमाल	दल बहादुर अधिकारी	महेश आचार्य
सञ्चालक	सञ्चालक	सञ्चालक

.....
चिरञ्जीवी चटौत
अध्यक्ष

मितिः २०८२ साल मंसिर २६ गते, शुक्रबार ।




INLET TUNNEL
SITE SAFETY
SAFETY BEGINS WITH TEAMWORK

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाडौं, नेपाल

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूचि-१५ बमोजिमको आर्थिक वर्ष २०८१/८२ को वार्षिक विवरण

१. सञ्चालक समितिको प्रतिवेदनः

संलग्न गरिएको ।

२. लेखापरीक्षकको प्रतिवेदनः

संलग्न गरिएको ।

३. लेखापरीक्षण भएको वित्तिय बिवरणः

संलग्न गरिएको ।

४. कानूनी कारवाही सम्बन्धी बिवरणः

क) समीक्षा अवधिमा यस कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर गरेको वा भएको छैन ।

ख) यस कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) यस कम्पनीको कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

५. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विवरणः

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः

यस कम्पनी नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकृत भई सर्वसाधारण समूहको शेयर कारोबार भईरहेको छ । नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. को निर्देशन तथा समन्वयमा प्रचलित नीति, नियम तथा निर्देशन भित्र रहेर शेयर कारोबार सम्बन्धी कार्य गरिँदै आएको छ ।

ख) आर्थिक वर्ष २०८१/८२ को प्रत्येक त्रैयमासिक अवधिमा संगठित संस्थाको शेयर कारोबारको बिवरणः

HIDCL:

अवधि	अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	करोवार भएको कुल शेयर संख्या	कुल कारोवार रकम (रु.)
प्रथम त्रैमासिक	३६०.००	१८०.००	२८३.५०	५७	१,२४,११५	३,२५,१२,४८२	८,९८,७३,६९,२२१.७०
दोश्रो त्रैमासिक	२९६.७०	२२५ .४०	२३५ .००	५५	२७,८३७	६९,४३,३८१	१,८३,०६,७६,८८७.५८
तेस्रो त्रैमासिक	३१०.००	२२७.००	२८८.१८	५६	४५,५८३	१,५१,९६,३६९	४,२०,५६,८०,२९०.२०
चौथो त्रैमासिक	३४०.००	२७८.८०	२९२.६१	६३	७५२४६	३,२२,४२,६२७	९,९१,५२,६१,८७९.००

HIDCLP:

अवधि	अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	करोवार भएको कुल शेयर संख्या	कुल कारोवार रकम (रु.)
प्रथम त्रैमासिक	२१२.००	१०३.००	१८१.००	५७	५७,६८४	३,७३,७०,८१६	६,११,१९,१०,०००.००
दोश्रो त्रैमासिक	१९३.५०	१५७.००	१६०.००	५५	२४,११९	१,६९,४७,८३६	३,०४,४७,५०,०००.००
तेस्रो त्रैमासिक	१९८.८०	१५३.९०	१८१.७२	५६	२५,४२८	१,७७,३८,३८०	३,१७,८८,१३,८४३.९०
चौथो त्रैमासिक	२३१.००	१८१.००	२०६.७०	6३	४९,८५३	४,२५,४०,५६१	८,९७,०२,४५,१०९.७०

६. समस्या तथा चुनौतीः

सञ्चालक समितिको प्रतिवेदनमा उल्लेखित कारोवारलाई असर पार्ने मुख्य कुराहरूलाई नै कम्पनीले समस्या र चुनौतीको रूपमा पहिचान गरेको छ। कम्पनीले आफ्नो उद्देश्य प्राप्तिको मार्गमा आइपर्ने चुनौतीहरुको समयमै पहिचान गरी चुस्त रुपले निराकरण गर्ने कार्यनीति तय गरी अघि बढ्ने गरेको छ। यसका साथै नेपाल सरकार, नियामक निकायहरु तथा सञ्चालक समितिबाट प्राप्त निर्देशनहरू एवं अन्य सम्बद्ध व्यक्ति तथा निकायहरूबाट प्राप्त हुने राय, सरसल्लाह तथा सहयोग समेतको सदुपयोग गरी आइपर्ने समस्या तथा चुनौतीहरूको समाधान गर्ने प्रकृया अवलम्बन गरिंदै आएको छ।

७. संस्थागत सुशासनः

संस्थागत सुशासन सम्बन्धी विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

.....	.....	.....
सरोज पौडेल	प्रजेश विक्रम थापा	चिरञ्जीवी चटौत
प्रवन्धक/अनुपालना अधिकृत	प्रमुख कार्यकारी अधिकृत	अध्यक्ष

मितिः २०८२ साल मंसिर २६ गते, शुक्रबार।

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाडौं, नेपाल

संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन - २०८१/८२

(सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

सूचिकृत सङ्गठित संस्थाको नाम	हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
ठेगाना इमेल र वेभसाइट सहित	का.म.न.पा. वडा नं. ३१, नयाँ वानेश्वर, काठमाण्डौ । Email: info@hidcl.org.np | Website: www.hidcl.org.np
फोन नम्बर	०१-४५९५०१६/१७/१८
प्रतिवेदन पेश गरिएको आ.व.	२०८१/८२

१. सञ्चालक समिति सम्बन्धी विवरणः

(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मितिः

चिरञ्जीवी चटौत,, सचिव, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय।

नियुक्ति मितिः २०८२/०६/२०

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य):

संस्थापक शेयरधनी - ७९.६८%, सर्वसाधारण शेयरधनी - २०.३२%

(ग) सञ्चालक समिति सम्बन्धी विवरण:

क्र.सं.	सञ्चालकहरुको नाम तथा ठेगाना	प्रतिनिधित्व भएको समूह	शेयर संख्या	नियुक्ति भएको मिति	पद तथा गोपनियताको सपथ लिएको मिति	सञ्चालक नियुक्तिको तरिका (विधि)
१.	श्री गोपाल प्रसाद सिग्देल, सचिव - ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय	संस्थापक समूह	२४,९४८,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/०४/२१	२०८१।०४।२१	मनोनयन
२.	श्री सुरेश आचार्य, सचिव - ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय	संस्थापक समूह	२४,९४८,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/०६/२०	२०८१।०६।२०	मनोनयन
३.	श्री दीर्घ राज मैनाली, सहसचिव - अर्थ मन्त्रालय	संस्थापक समूह	४९,८९६,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/०९/०३	२०८१।०९।०३	मनोनयन
४.	श्री यज्ञ प्रसाद भट्टराई, सहसचिव - अर्थ मन्त्रालय	संस्थापक समूह	४९,८९६,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/११/१२	२०८१।११।२३	मनोनयन
५.	श्री श्यामप्रसाद भण्डारी, सहमहालेखा नियन्त्रक - महालेखा नियन्त्रक कार्यालय	संस्थापक समूह	२४,९४८,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/०६/२०	२०८१।०६।२०	मनोनयन

क्र.सं.	सञ्चालकहरुको नाम तथा ठेगाना	प्रतिनिधित्व भएको समूह	शेयर संख्या	नियुक्ति भएको मिति	पद तथा गोपनियताको सपथ लिएको मिति	सञ्चालक नियुक्तिको तरिका (विधि)
६.	श्री विष्णु प्रसाद ज्ञवाली महालेखा नियन्त्रक -महालेखा नियन्त्रक कार्यालय	संस्थापक समूह	२४,९४८,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/११/१५	२०८१।११।२३	मनोनयन
७.	श्री दल वहादुर अधिकारी, सहसचिव - कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	संस्थापक समूह	२४,९४८,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८२/०२/२६	२०८२/०२/२७	मनोनयन
८.	श्री महेश रिमाल, नायव प्रमुख कार्यकारी अधिकृत - राष्ट्रिय जीवन वीमा कम्पनी लि.	संस्थापक समूह	१२,४७४,००० कित्ता (संस्थाले ग्रहण गरेको)	२०८१/०२/२१	२०८१/०२/२९	मनोनयन
९.	श्री अनुज्ञा सापकोटा,	अन्य संस्थापक शेयरधनीहरुको तर्फबाट		२०८१।०९।२४	२०८१।१०।२४	वार्षिक साधारण सभाबाट निर्वाचित
१०.	श्री सुधिर ज्ञवाली	सर्वसाधारण समूह	९८७ कित्ता	२०७८/०९/२२	२०७८/०९/२२	वार्षिक साधारण सभाबाट निर्वाचित
११.	श्री माधव प्रसाद कोइराला	स्वतन्त्र	-	२०७९/०९/२६	२०७९/१०/१०	वार्षिक साधारण सभाबाट नियुक्त

* वर्तमान सञ्चालक समिति सम्बन्धी विवरण (आ.व २०८२/८३)

क्र.सं.	सञ्चालकहरुको नाम तथा ठेगाना	पद	प्रतिनिधित्व भएको समूह
१.	श्री चिरञ्जीवी चटौत, सचिव-ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय	अध्यक्ष	संस्थापक समूह
२.	श्री महेश आचार्य, सहसचिव - अर्थ मन्त्रालय	सञ्चालक	संस्थापक समूह
३.	श्री दल वहादुर अधिकारी, सहसचिव - कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	सञ्चालक	संस्थापक समूह
४.	श्री महेश रिमाल, नायव प्रमुख कार्यकारी अधिकृत-राष्ट्रिय जीवन वीमा कम्पनी लि.	सञ्चालक	संस्थापक समूह
५ .	श्री अनुज्ञा सापकोटा	सञ्चालक	अन्य संस्थापक शेयर धनीहरुको तर्फबाट
६.	श्री सुधिर ज्ञवाली	सञ्चालक	सर्वसाधारण समूह
७.	श्री माधव प्रसाद कोइराला	सञ्चालक	स्वतन्त्र

(घ) सञ्चालक समितिको बैठक

- सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण:

बैठक नं.	यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति	उपस्थित सञ्चालकको संख्या	बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या	सञ्चालक उपस्थित नहुनुको कारण
२९९	२०८१/०४/२१	४	-	कार्यव्यस्तता
३००	२०८१/०५/१३	४	-	कार्यव्यस्तता
३०१	२०८१/०६/२०	४	-	कार्यव्यस्तता
३०२	२०८१/०८/०७	६	-	कार्यव्यस्तता
३०३	२०८१/०८/२३	५	-	कार्यव्यस्तता
३०४	२०८१/०८/२६	५	-	कार्यव्यस्तता
३०५	२०८१/०९/०३	६	-	-
३०६	२०८१/०९/१८	६	-	कार्यव्यस्तता
३०७	२०८१/०९/२३	५	-	कार्यव्यस्तता
३०८	२०८१/१०/२४	५	-	कार्यव्यस्तता
३०९	२०८१/११/०२	५	-	कार्यव्यस्तता
३१०	२०८१/११/१२	४	-	कार्यव्यस्तता
३११	२०८१/११/२३	७	-	-
३१२	२०८१/१२/१९	७	-	-
३१३	२०८१/१२/२९	७	-	-
३१४	२०८२/०१/०७	५	-	कार्यव्यस्तता
३१५	२०८२/०१/१४	६	-	
३१६	२०८२/०१/३०	५	-	कार्यव्यस्तता
३१७	२०८२/०२/१५	६	-	-
३१८	२०८२/०२/२७	७	-	-
३१९	२०८२/०३/१०	७	-	-
३२०	२०८२/०३/२७	७	-	-
३२१	२०८२/०३/३२	७	-	-

- कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण: नभएको ।
- सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण:

सञ्चालक समितिको बैठकमा सञ्चालक वा बैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने)	माथि तालिकामा उल्लेख गरिएको ।
सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरु छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको:	राखेको ।
सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा)	४७ दिन
सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति:	२०७४/०९/२८
सञ्चालक समितिको प्रति बैठक भत्ता रु.	७,०००।-
आ.व. को सञ्चालक समितिको कूल बैठक खर्च रु.	९३१,०००।-

२. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

<table>
<tr><td>सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको:</td><td>भएको</td></tr>
<tr><td>एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण:</td><td>नभएको</td></tr>
<tr><td>सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजिगी कार्यक्रम सम्बन्धी विवरण:
<table>
<tr><th>विषय</th><th>मिति</th><th>सहभागी सञ्चालकको संख्या</th><th>तालिम सञ्चालन भएको स्थान</th></tr>
<tr><td>HIDCL Vision-2035, Financial Plan and Product Design for Issuance of Bond</td><td>२०८१ चैत्र २९ गते</td><td>७</td><td>बुढानीलकण्ठ, काठमाण्डौ</td></tr>
</table></td><td></td></tr>
<tr><td>• प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण:</td><td>गराएको</td></tr>
<tr><td>• संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सोको विवरण,</td><td></td></tr>
<tr><td>• निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,</td><td></td></tr>
<tr><td>• निज अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण,</td><td></td></tr>
<tr><td>• निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण,</td><td></td></tr>
<tr><td>• सञ्चालकले उस्तै प्रकृतिका उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण,</td><td></td></tr>
<tr><td>• सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारबाही गरिएको भए सोको विवरण ।</td><td></td></tr>
</table>

३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण:

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए नभएको गठन नभएको भए सोको कारण: भएको।

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी:

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद):

संयोजक: श्री माधव प्रसाद कोइराला, सञ्चालक

सदस्य: श्री महेश रिमाल, सञ्चालक (लेखापरीक्षण समिति संयोजक)

सदस्य: श्री सुधिर ज्ञवाली, सञ्चालक

सदस्य: श्री अनुज्ञा सापकोटा, सञ्चालक

सदस्य: श्री प्रजेश विक्रम थापा, प्रमुख कार्यकारी अधिकृत

सदस्य सचिव: रमेश पनेरू, प्रमुख प्रवन्धक (वित्त)

(आ) समितिको बैठक संख्या: २०

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण:

जोखिम व्यवस्थापन समितिबाट विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रणालीको विकास गर्ने, व्यवसायिक गतिविधिमा निहित जोखिमको पहिचान गरी त्यसको व्यवस्थापनको आवश्यक रणनीति तयार गर्ने, जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन सम्बन्धमा छलफल गर्ने, कम्पनीले लिने जोखिमको विश्लेषण गर्ने लगायत नियमनकारी निकायबाट जारी गरिएका नीति निर्देशन बमोजिम काम भए नभएको लगायतका जोखिम न्यूनिकरणका उपायहरूको समीक्षा गरी आफ्नो राय सुझाव सञ्चालक समितिलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। यसका अतिरिक्त यस समितिबाट ऋण तथा शेयर लगानी सम्बन्धी प्राप्त प्रस्तावहरुको आवश्यक समीक्षा गरी सञ्चालक समितिमा सिफारिश गर्ने कार्य समेत गर्दछ।

(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए नभएको: सञ्चालक समितिबाट स्वीकृत आन्तरिक नियन्त्रण प्रणाली, २०७९ लागू भएको।

(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति भए नभएको, गठन नभएको भए सोको कारण: जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति, सम्पति तथा दायित्व व्यवस्थापन समिति।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण:

१. जोखिम व्यवस्थापन समिति: माथि ३ (क) मा उल्लेख भएको।

२. लेखापरीक्षण समिति: तल ६ (ख) मा उल्लेख भएको।

३. सम्पति तथा दायित्व व्यवस्थापन समिति:

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

संयोजक: श्री सुधिर ज्ञवाली, सञ्चालक

सदस्य: श्री प्रजेश विक्रम थापा, प्रमुख कार्यकारी अधिकृत

सदस्य: श्री ऋषिराम पण्डित, नायव प्रमुख कार्यकारी अधिकृत (वित्त)

सदस्य सचिव: श्री रमेश पनेरू, प्रमुख प्रवन्धक (वित्त)

(आ) समितिको बैठक संख्या: -२

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण

कम्पनीमा उपलब्ध वित्तीय स्रोतको परिचालन तथा उपयोग अवस्थाको समिक्षा गर्दै तिनको उत्पादकत्व एवम् प्रभावकारिता अभिवृद्धि गर्न, वित्तीय जोखिमलाई स्वीकार्य स्तरमा कायम गर्दै सम्पत्ति तथा दायित्वको उचित व्यवस्थापन गर्न तथा लगानीको प्रतिफललाई अधिकतम गरी लगानीकर्ताहरुको उच्चतम हित सुनिश्चित गर्ने विषयमा नीति नियम निर्माण गर्ने र सम्बन्धित विषयमा व्यवस्थापनलाई निर्देशन दिने तथा सञ्चालक समितिमा आवश्यक सिफारिस गर्ने।

(च) आर्थिक प्रशासन विनियमावली भए नभएको: आर्थिक प्रशासन तथा खरिद विनियमावली, २०७८ लागू भएको।

४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरणः

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरणः

विवरण	माध्यम	सार्वजनिक गरेको मिति
वार्षिक साधारण सभाको सूचना	पत्रिका, वेबसाइट	२०८१/०९/०२ - नयाँ पत्रिका र २०८१/०९/०३ - नयाँ पत्रिका
विशेष साधारण सभाको सूचना	नभएको ।	नभएको ।
वार्षिक प्रतिवेदन	संक्षिप्त आर्थिक विवरण पत्रिकामा प्रकाशन गरेको, पुस्तिका वितरण, वेबसाइट	२०८१/०९/०३ - नयाँ पत्रिका
त्रैमासिक प्रतिवेदन	पत्रिका, वेबसाइट, नेप्से पोर्टल	२०८१/०७/३० - Q१ नयाँ पत्रिका दैनिक २०८१/१०/३० - Q२ नयाँ पत्रिका दैनिक २०८१/०१/२८ - Q३ नयाँ पत्रिका दैनिक २०८१/०४/३० - Q४ नयाँ पत्रिका दैनिक
वार्षिक साधारण सभाको निर्णय	पत्रिका, वेबसाइट	२०८१/१०/०२ - नयाँ पत्रिका दैनिक
धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना	ईमेल, पत्र, नेप्से पोर्टल	आ.व. २०८१/०८/२६ मा लाभांश सम्बन्धी सूचना नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जमा पठाइएको
अन्य	आवश्यकता अनुसार उपयुक्त माध्यमबाट सकेसम्म छिटो सूचना सार्वजनिक गर्ने गरिएको।	

(ख) सूचना सार्वजनिक नगरेको वा अन्य धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारबाहीमा परेको भए सो सम्बन्धी जानकारीः नभएको ।

(ग) पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मितिः तेह्रौं वार्षिक साधारण सभा-२०८१/०९/२४ गते ।

५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरणः

(क) कर्मचारीहरुको संरचना पदपूर्ति, वृत्ति विकास, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली व्यवस्था भए नभएकोः भएको ।

(ख) सांगठनिक संरचना संलग्न गर्नेः संलग्न गरिएको ।

(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरणः

क्र.स.	नाम	विवरण	शैक्षिक योग्यता	अनुभव
१.	श्री अर्जुन कुमार गौतम	प्रमुख कार्यकारी अधिकृत, (तह-१२)	एम.पि.ए, एम.बि.ए., चार्टर्ड एकाउन्टेन्ट	वित्तीय व्यवस्थापन तथा लगानीको क्षेत्रमा ३४ वर्षको अनुभव

२.	श्री अरुण रजौरिया	नायव प्रमुख कार्यकारी अधिकृत (जलविद्युत), (तह-११)	Msc. in Technology (Hydropower), B.E. (Civil)	पूर्वाधार तथा जलविद्युत क्षेत्रमा २६ वर्षको अनुभव
३.	श्री जिवन कुमार बस्नेत	नायव प्रमुख कार्यकारी अधिकृत (वित्त), (तह-११)	चार्टर्ड एकाउन्टेन्ट	वित्तीय तथा जलविद्युत क्षेत्रमा १७ वर्षको अनुभव
४.	श्री वासु देव भण्डारी	प्रमुख प्रवन्धक (इञ्जिनियरिङ्ग), (तह-१०)	M.E. (Water Resources), B.E. (Civil)	जलश्रोत इञ्जिनियरिङ्ग क्षेत्रमा २० वर्षको अनुभव

* संस्थाका वर्तमान उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण (आ.व २०८२/८३)

क्र.स.	नाम	विवरण	शैक्षिक योग्यता	अनुभव
१.	श्री प्रजेश विक्रम थापा	प्रमुख कार्यकारी अधिकृत,	E-MBA, B.E. (Mechanical)	उर्जा र व्यवस्थापन क्षेत्रमा २२ बर्षभन्दा बढीको अनुभव
२.	श्री सम्झना छुस्याबाग	नायव प्रमुख कार्यकारी अधिकृत (जलविद्युत), (तह-११)	M.Sc. (Water Resources Engineering), B.E. (Civil)	उर्जा क्षेत्रमा १० बर्षभन्दा बढीको अनुभव
३.	श्री ऋषि राम पण्डित	नायव प्रमुख कार्यकारी अधिकृत (वित्त), (तह-११)	Masters in Management	वित्तीय तथा शैक्षिक क्षेत्रमा १३ वर्ष भन्दा बढीको अनुभव
४.	श्री वासु देव भण्डारी	प्रमुख प्रवन्धक (इञ्जिनियरिङ्ग), (तह-१०)	M.E. (Water Resources), B.E. (Civil)	जलश्रोत इञ्जिनियरिङ्ग क्षेत्रमा २० वर्ष भन्दा बढीको अनुभव
५.	श्री रमेश पनेरू	प्रमुख प्रवन्धक (वित्त), (तह-१०)	Masters in Management	जलविद्युत तथा शैक्षिक क्षेत्रमा २० वर्ष भन्दा बढीको अनुभव
३.	श्री रुपेश भण्डारी	प्रमुख प्रवन्धक (प्रशासन), (तह-१०)	Masters in Management, Chartered Accountant	वित्तीय क्षेत्रमा ८ वर्षको अनुभव

(घ) कर्मचारी सम्बन्धी अन्य विवरण:

संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरे/नगरेको:	गरेको ।
नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया:	कम्पनीको कर्मचारी विनियमावली, २०६८ मा भएको प्रकृया बमोजिम ।
व्यवस्थापन स्तरका कर्मचारीको संख्या	४ जना
कुल कर्मचारीको संख्या:	२६ जना
कर्मचारीहरुको सक्सेसन प्लान भए नभएको:	नभएको ।
आ.व. कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मलित कर्मचारीको संख्या:	१० वटा तालिममा १६ जना कर्मचारी सम्मिलित
आ.व. को कर्मचारी तालिम खर्च रु:	१,७५,४४१.०२।-
कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत:	२७.१७% (कर्मचारी वोनस व्यवस्था बाहेक)
कुल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशत:	०.४४%

६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण:

(क) लेखापरीक्षण विवरण:

संस्थाको पछिल्लो आ.व. को वित्तिय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण	गरेको।
सञ्चालक समितिबाट पछिल्लो वित्तिय विवरण स्वीकृती भएको मिति:	२०८२/०८/२६
त्रैमासिक वित्तिय विवरण प्रकाशन गरेको मिति:	२०८१/०७/३० - Q१ (प्रथम त्रैमासिक) २०८१/१०/३० - Q२ (दोस्रो त्रैमासिक) २०८२/०१/२८ - Q३ (तेस्रो त्रैमासिक) २०८२/०४/३० - Q४ (चौथो त्रैमासिक)
अन्तिम लेखापरीक्षण सम्पन्न भएको मिति:	२०८२/०८/२६
साधारण सभाबाट वित्तिय विवरण स्वीकृती भएको मिति:	मिति २०८२/०९/२१ मा आयोजना हुने चौधौं वार्षिक साधारण सभामा पेश हुने ।
संस्थाको आन्तरिक लेखापरीक्षण सम्बन्धी विवरण:	
(अ) आन्तरिक रुपमा लेखापरीक्षण गर्ने गरिएको वा बाह्य विज्ञ नियुक्त गर्ने गरिएको	बाह्य विज्ञ नियुक्त गर्ने गरिएको।
(आ) बाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण	टि. सुवास एण्ड एसोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स
(इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धवार्षिक)	त्रैमासिक

(ख) लेखापरीक्षण समिति समबन्धी विवरण:

संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता:
संयोजक- श्री महेश रिमाल, सञ्चालक (शैक्षिक योग्यता: चार्टर्ड एकाउन्टेन्ट)
सदस्य- श्री दल वहादुर अधिकारी, सञ्चालक (शैक्षिक योग्यता: स्नातकोत्तर)
सदस्य- श्री सुधिर ज्ञवाली, सञ्चालक (शैक्षिक योग्यता: एम.बि.ए.)

बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या:

बैठक नं.	मिति	उपस्थित सदस्य संख्या
१४७	२०८१/०५/१६	२
१४८	२०८१/०५/३०	२
१४९	२०८१/०८/०९	३
१५०	२०८१/०८/२१	२
१५१	२०८१/०८/२५	२
१५२	२०८१/०९/२३	२
१५३	२०८१/१०/२३	२
१५४	२०८१/१२/०४	२
१५५	२०८१/१२/१२	२
१५६	२०८१/१२/२७	२
१५७	२०८२/०३/१३	२
१५८	२०८२/०३/१९	२

प्रति बैठक भत्ता रु.	५,०००।-
लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको मिति:	२०८२/०८/१४

७. अन्य विवरण:

संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तिय स्वार्थ भएको व्यक्ति, बैंक तथा वित्तिय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिए/नलिएको	नलिएको ।
प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचिकृत संगठित संस्थाको वित्तिय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलान गरे/नगरेको	नगरेको ।
नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको	भएको ।
नियमनकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको	भएको ।
संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण	नभएको ।

दस्तखत:

नाम: सरोज पौडेल

पद: परिपालना अधिकृत

मिति: २०८२/०८/२६

दस्तखत:

नाम: प्रजेश विक्रम थापा

पद: प्रमुख कार्यकारी अधिकृत

मिति: २०८२/०८/२६

संस्थाको छाप:

.....
माधव प्रसाद कोइराला
स्वतन्त्र सञ्चालक

.....
सुधिर ज्ञवाली
सञ्चालक

.....
अनुज्ञा सापकोटा
सञ्चालक

.....
महेश रिमाल
सञ्चालक

.....
दल वहादुर अधिकारी
सञ्चालक

.....
महेश आचार्य
सञ्चालक

.....
चिरञ्जीवी चटौत
अध्यक्ष

.....
सिए. ठाकुर प्रसाद अधिकारी
मुख्य साझेदार
टिपि अधिकारी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

TP ADHIKARI
& ASSOCIATES
Chartered Accountants

UDIN: **251215CA00572N8vV3**

INDEPENDENT AUDITOR'S REPORT TO THE SHAREHOLDERS OFHYDROELECTRICITY INVESTMENT AND DEVELOPMENT COMPANY LIMITED

Opinion

We have audited the financial statements of **Hydroelectricity Investment and Development Company Limited,** which comprise the Statement of Financial Position as at Ashad 32, 2082(16th July, 2025) and Statement of Profit or Loss& Other Comprehensive Income, Statement of Cash Flowfor the period, Statement of changes in equity and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements of the Company read togetherwith the Significant Accounting Policies and Notes to the Accounts forming part of the accounts for the year ended Ashad 32, 2082(16th July, 2025) are prepared, in all material respects andgives a true and fair view, in accordance with applicable Nepal Financial Reporting Standards and comply with provisions of the Companies Act, 2063.

Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in the audit of the financial statements of the current period. These matters were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon, and we have determined that there are no key audit matters to communicate in our report.

Other Matters

We would like to draw your attention to the following other matters observed during our audit of financial statements for the financial year 2081-82.

TP ADHIKARI & ASSOCIATES Kathmandu Chartered Accountants

2nd Floor, 732/60, Tanka Prasad ghumti sadak
Anamnagar, kathmandu-29, nepal I G.P.O. 10915
+977-1-5706917, 5706816 I +977-1-4247917
Email: info@tpadhikari.com I www.tpadhikari.com

(1) Consolidation of Financial statements

We did not audit the financial statements and other financial information of Remit Hydro Ltd. and Simbhuwa Remit Hydro Ltd as at Ashad 32, 2082 (16th July, 2025) which is considered in consolidated financial statements. The Financial statements and other financial information of these companies have been audited by other auditors whose report had been furnished to us by the management and our opinion on the financial statements in so far as it relates to the accounts included in respect of these subsidiaries are based solely on the report of other auditors.

(2) Insufficient adherence to Hydropower Monitoring Guidelines:

Hydropower Monitoring Guidelines 2079 prescribes in sufficient detail how the investments in equity projects by HIDCL should be monitored which includes detailed reports, different formats and annexures that should be prepared. On review on relevant documents, we found that actual presentation of equity invested projects lacked substantially. The gap between required presentation and actual presentation is quite big which clearly represents insufficient adherence to the required Hydropower Monitoring Guidelines, 2079.

(3)Restructuring of Remit Hydro Ltd. and Simbhuwa Remit Hydro Ltd:

As per Memorandum of Understanding signed on Falgun 11, 2079 between Hydroelectricity Investment & Development Corporation Limited, Nepal Electricity Authority (NEA) and Vidhyut Utpadan Company Ltd.(VUCL), the shares of Remit hydro and Simbhuwa Remit hydro were restructured from 51% to 15%.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation of the financial statements in accordance with the Generally Accepted Accounting Principles (GAAPs) and Nepal Financial Reporting Standards (NFRS) prevalent in Nepal and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters relating to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.Those charged with governance are responsible for overseeing the company's financial reporting process.

T P ADHIKARI & ASSOCIATES
Kathmandu
Chartered Accountants

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with Nepal Standards on Auditing (NSAs) will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As a part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

a) Identify and assess the risk of material misstatement of the financial statement, whether due to fraud and error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
b) Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the company's internal control.
c) Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exist related to events or conditions that may cast significant doubt on the company's going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, of such disclosures are inadequate, to modify our opinion, our conclusions are based on the audit evidence obtained up-to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.
d) Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management.

We communicate with those charged with governance regarding among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

T P ADHIKARI & ASSOCIATES
Kathmandu
Chartered Accountants

Report on Other Legal and Regulatory Requirements

As per the requirements of Section 115 of the Companies Act, 2063 (First Amendment 2074), we further report that:

a) We have obtained all the information and explanations, which to the best of ourknowledge and belief were necessary for the purpose of our audit.
b) In our opinion the Company has kept proper books of account as required by law so far, as appears from our examinations of those books.
c) The financial statements agree with the books of account.
d) In our opinion and to the best of our information and according to the explanation given to us, the financial statement the said Balance Sheet, Income Statement and Cash Flow Statement, read together with the notes forming part of the accounts give the information required by the Companies Act 2063 (First Amendment 2074) in the manner so required and give a true and fair view:
   i. In the case of Balance Sheet, of the state of affairs of the Company as at 32 Ashad, 2082(16th July, 2025); and
   ii. In the case of Income Statement, of the results of operations of the Company for the yearended on 32 Ashad, 2082(16th July, 2025); and
   iii. In the case of the Cash Flow Statement, of Cash inflow and outflow of Company for the year ended on that date.
e) Neither we have come across any of the information about the misappropriation of fund by the directors or any of the representative or company's staffs during the course of our audit nor have we received any such information from the management.
f) No accounting fraud has been observed during the course of our audit.

For and on Behalf of,
TP Adhikari & Associates
Chartered Accountants

T P ADHIKARI & ASSOCIATES Kathmandu Chartered Accountants

Thakur Prasad Adhikari
Managing Partner

Place: Kathmandu, Nepal
Date: Mangsir 27, 2082

Hydroelectricity Investment And Development Company Limited
Statement of Financial Position
As at 16 July 2025 (32 Ashad 2082)

Amount in NPR

Particulars	Explanatory Note	Group		HIDCL	
		As at 32 Ashad 2082	As at 31 Ashad 2081	As at 32 Ashad 2082	As at 31 Ashad 2081
Assets					
Non current assets					
Property, plant and equipment	1	1,379,664,491	1,070,380,406	7,578,513	7,813,222
Intangible assets	2	4,660,773	5,589,373	4,011,495	5,348,660
Right-of-use assets	3	82,952,409	97,378,915	49,771,445	58,427,349
Financial Assets					
Investment in subsidiary	4	-	-	1,010,000,000	1,010,000,000
Financial asset carried at FVTOCI	5	3,224,343,800	3,138,412,500	3,222,312,500	3,138,412,500
Financial asset carried at amortized cost	6	6,933,088,630	6,848,623,960	6,933,088,630	6,848,623,960
Deferred tax assets	7	-	-	-	-
Total non current assets		**11,624,710,104**	**11,160,385,153**	**11,226,762,584**	**11,068,625,691**
Current assets					
Inventory	8	917,232	636,899	559,327	370,953
Financial Assets					
Term deposits with bank	9	14,865,294,598	13,796,438,222	14,853,669,598	13,784,813,222
Other financial assets	10	426,259,351	554,731,482	426,259,351	554,731,482
Current tax assets	11	48,452,887	13,209,856	43,845,038	9,026,630
Other current assets	12	37,609,303	38,512,496	4,969,133	15,655,024
Cash and cash equivalent	13	2,104,604,675	1,266,402,450	1,977,754,179	1,154,454,863
Total current assets		**17,483,138,044**	**15,669,931,403**	**17,307,056,626**	**15,519,052,174**
Non current asset held for sale	14	-	-	-	-
Total assets		**29,107,848,148**	**26,830,316,556**	**28,533,819,210**	**26,587,677,865**
Equity and liabilities					
Equity					
Paid up share capital	15	25,144,813,400	23,130,408,375	24,559,813,400	22,873,908,375
Advance for Share Capital		30,000,000.00	-	-	-
Retained earnings	16	542,495,248	1,239,195,009	654,868,495	1,328,371,080
Reserves	17	2,814,384,357	2,033,484,100	2,814,384,357	2,033,484,100
Total Equity		**28,531,693,005**	**26,403,087,484**	**28,029,066,252**	**26,235,763,555**
Liabilities					
Non current liabilities					
Provisions for employee benefits	18	7,254,750	7,320,011	5,271,490	5,731,922
Financial liability carried at amortized cost	19		-	-	-
Lease liabilities	20	92,524,656	104,026,734	55,514,794	62,416,041
Deferred tax liabilities	7	218,089,554	72,185,636	236,786,728	83,162,817
Current liabilities					
Other liabilities	21	246,784,105	233,732,214	200,278,699	194,624,844
Lease liabilities	20	11,502,078	9,964,478	6,901,247	5,978,687
Current tax liabilities		-	-	-	-
Total equity and liabilities		**29,107,848,148**	**26,830,316,556**	**28,533,819,210**	**26,587,677,865**

Schedules and explanatory notes forms integral part of financial statement

As per our report of even date

Rupesh Bhandari
Chief Manager

Rishi Ram Pandit
Deputy CEO (Finance)

Prajesh Bikram Thapa
Chief Executive Officer

CA Thakur Prasad Adhikari
Managing Partner
TP Adhikari & Associates
Chartered Accountants

Anugya Sapkota
Director

Sudhir Gewali
Director

Madhav Prasad Koirala
Director

Mahesh Rimal
Director

Dal Bahadur Adhikari
Director

Mahesh Acharya
Director

Chiranjeewee Chataut
Chairman

Date: Mangshir 26, 2082
Place: Kathmandu

Hydroelectricity Investment And Development Company Limited
Statement of Profit or Loss
For the year ended 16 July 2025 (32 Ashad 2082)

Amount in NPR

Particulars	Explanatory Note	Group		HIDCL	
		For the period 2081-82	For the period 2080-81	For the period 2081-82	For the period 2080-81
Revenue					
Revenue from contract with customers	22	24,065,613	49,885,832	24,065,613	49,885,832
Interest income	23	1,397,732,014	2,089,187,024	1,395,103,189	2,086,219,435
Dividend Income	24	16,180,875	11,340,000	16,180,875	11,340,000
Other income	25	28,868,831	23,854,398	27,716,140	23,686,181
Total revenue		**1,466,847,334**	**2,174,267,255**	**1,463,065,817**	**2,171,131,448**
Expenses					
Employee benefit expense	26	51,151,856	67,835,095	40,082,570	58,427,111
Operating and Administrative Expenses	27	27,094,669	21,722,467	21,819,557	16,545,843
Finance Expenses	28	10,534,379	11,450,368	6,312,602	6,855,461
Depreciation and amortization	29	25,597,126	24,381,079	11,721,532	11,781,195
Impairment	30	54,185,824	726,480	54,185,824	726,480
Loss On Sale/ Disposal of Fixed Assets		-	-	-	-
Total expense		**168,563,852**	**126,115,489**	**134,122,085**	**94,336,089**
Profit before tax from continuing operation		**1,298,283,482**	**2,048,151,766**	**1,328,943,732**	**2,076,795,359**
Current tax		395,187,844	621,517,006	395,187,844	621,517,006
Tax expense pertaining to prior years		-	-	-	-
Deferred tax expense / (income)	7	8,242,690	8,528,349	576,089	(2,715,816)
Profit from continuing operations		**911,338,327**	**1,435,163,109**	**934,331,977**	**1,452,562,537**
Profit from discontinued operations (Net of Tax)		-	-	-	-
Net profit for the year		**911,338,327**	**1,435,163,109**	**934,331,977**	**1,452,562,537**
Earnings per share					
Basic earnings per share		3.88	6.23	3.84	5.86
Diluted earnings per share		3.62	5.81	3.84	5.46

Schedules and explanatory notes forms integral part of financial statement

As per our report of even date

Rupesh Bhandari
Chief Manager

Rishi Ram Pandit
Deputy CEO (Finance)

Prajesh Bikram Thapa
Chief Executive Officer

CA Thakur Prasad Adhikari
Managing Partner
TP Adhikari & Associates
Chartered Accountants

Anugya Sapkota
Director

Sudhir Gewali
Director

Madhav Prasad Koirala
Director

Mahesh Rimal
Director

Dal Bahadur Adhikari
Director

Mahesh Acharya
Director

Chiranjeewee Chataut
Chairman

Date: Mangshir 26, 2082
Place: Kathmandu

Hydroelectricity Investment And Development Company Limited
Statement of Comprehensive Income
For the year ended 16 July 2025 (32 Ashad 2082)

Amount in NPR

Particulars	Group		HIDCL	
	For the period 2081-82	For the period 2080-81	For the period 2081-82	For the period 2080-81
Profit or loss for the period	911,338,327	1,435,163,109	**934,331,977**	**1,452,562,537**
Other comprehensive income				
a) Items that will not be reclassified to profit or loss				
-Gains/(losses) from investments in equity instruments measured at fair value	(58,000,000)	858,000,000	(58,000,000)	858,000,000
-Gain/(loss) on revaluation			-	-
-Actuarial gain/loss on defined benefit plans	(264,767)	(247,147)	-	-
-Income tax relating to above items	(154,146,607)	(85,745,470)	(154,200,000)	(85,800,000)
Net OCI that will not be reclassified to profit or loss	698,926,953	2,207,170,492	722,131,977	2,224,762,537
b) Items that are or may be reclassified to profit or loss				
-Gains/(losses) on cash flow hedge	-	-	-	-
Exchange gains/(losses)	-	-	-	-
-Income tax relating to above items	-	-	-	-
Net OCI that are or may be reclassified to profit or loss	-	-	-	-
Total Comprehensive Income for the period	**698,926,953**	**2,207,170,492**	**722,131,977**	**2,224,762,537**

Schedules and explainatory notes forms integral part of financial statement

As per our report of even date

Rupesh Bhandari
Chief Manager

Rishi Ram Pandit
Deputy CEO (Finance)

Prajesh Bikram Thapa
Chief Executive Officer

CA Thakur Prasad Adhikari
Managing Partner
TP Adhikari & Associates
Chartered Accountants

Anugya Sapkota
Director

Sudhir Gewali
Director

Madhav Prasad Koirala
Director

Mahesh Rimal
Director

Dal Bahadur Adhikari
Director

Mahesh Acharya
Director

Chiranjeewee Chataut
Chairman

Date: Mangshir 26, 2082
Place: Kathmandu

Hydroelectricity Investment And Development Company Limited
Cash Flow Statement
For the year ended 16 July 2025 (32 Ashad 2082)

Amount in NPR

Particular	Group		HIDCL	
	For the period 2081-82	For the period 2080-81	For the period 2081-82	For the period 2080-81
Cash flows from operating activities				
Profit after tax	698,926,953	2,207,170,492	722,131,977	2,224,762,537
Adjustments for non-cash items and non operating adjustments				
Depreciation & amortization of PPE	9,742,020	10,986,680	1,728,463	1,788,126
Depreciation & amortization of intangible assets	1,428,600	1,411,114	1,337,165	1,337,165
Depreciation on right of use Assets	14,426,506	14,426,506	8,655,904	8,655,904
Impairment				-
Loss (Gain) on disposal of assets	-	(18,062)	-	(18,062)
Dividend income	(16,180,875)	(11,340,000)	(16,180,875)	(11,340,000)
Interest income on investment	(6,218,962)	(7,200,000)	(3,590,137)	(7,200,000)
Prior period adjustment	(111,886,589)	(24,598)	(111,884,664)	-
Finance expenses	10,534,379	11,450,368	6,312,602	6,855,461
Leasehold property written off	-	-	-	-
Changes in Operating assets and Liabilities				
Change in operating assets	(975,004,416)	(1,764,322,343)	(964,705,136)	(1,726,673,748)
Change in operating liabilities	158,890,548	96,176,967	158,817,334	121,427,681
Net cash from operating activities	**(215,341,837)**	**558,717,124**	**(197,377,366)**	**619,595,064**
Cash flows from investing activities				
Purchase of property, plant and equipment	(49,850,021)	(4,135,475)	(1,493,754)	(2,156,687)
Addition of capital WIP	(271,293,660)	(105,774,843)	-	-
Addition of Intangible	-		-	-
NCA sold during the year	(500,000)	98,800	-	98,800
Prior period adjustment		-	-	-
Capital work in progress of intangible asset	-	-	-	-
Purchase of intangible assets	-	-		
Net cash outflow in investment in subsidiary	-	-	-	-
Dividend Income	16,180,875	11,340,000	16,180,875	11,340,000
Net cash flow from investment securities	(170,395,971)	1,273,441,994	(168,364,671)	1,273,441,994
